कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

**MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED**


**मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड**

वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं, नेपाल

फोन न. ०१–४७२१६४१, ४७२१६४२ फ्याक्स नं. ०१–४७२१६४३,

इमेल: admin@mbjcl.com.np वेभसाइट: http://mbjcl.com.np


को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण :**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७३।७४ | आ.व.०७४।७५ | आ.व.०७५।७६ | आ.व.०७६।७७ | आ.व.०७७।७८ | आ.व.०७८।७९ | आ.व.०७९।८० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९६.१० | ९५.८२ | ९५.६१ | ९४.३९ | १००.७९ | ११५.८६ | १३७.२२ |
| प्रति शेयर आम्दानी (रु.) | (०.७३) | (०.५२) | (१.१३) | (१.२२) | ५.०० | १५.०७ | २१.३६ |
| सञ्चित मुनाफा/(नोक्सान) (रु. हजारमा) | (२१,०२३) | (१५,९५६) | (५१,०५८) | (५५,०३१) | २९९,८२० | ९०४,३९४ | १,२८१,४११ |

नोट : नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार आ.व. २०७४।७५ देखि लेखा राखी आयोजना तथा कम्पनीको केन्द्रिय कार्यालयमा भएको ह्रास खर्च सहितको प्रशासनिक खर्चसमेत खर्च भएको वर्षमानै खर्च लेखाङ्कन गरिएकोले प्रति शेयर नेटवर्थ बार्षिक रुपमा माथि उल्लेख गरे अनुरुप रहेको छ।

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूंजी रु.६,००,००,००,०००।- (अक्षरेपी छ अर्ब) को १०% प्रतिशत अर्थात रु.६०,००,००,०००।– (अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति कित्ता अकित मूल्य रु.१००।– दरको ६०,००,००० कित्ता साधारण शेयर मध्ये सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित क्षेत्र {भोटेकोशी गाउँपालिका वडा नं. १ र ५ (साविक लिस्ती गा.वि.स. र साविक मार्मिङ गा.वि.स.), बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.) तथा बाह्रबिसे नगरपालिका वडा नं. ७ र ८ (साविक घुम्थाङ्ग गा.वि.स. र साविक मानेश्वरा गा.वि.स.)} मा स्थायी बसोबास गर्ने बासिन्दाहरुको लागि ३०% ले हुन आउने १८,००,००० (अक्षरेपी अठार लाख मात्र) कित्ता साधारण शेयर र माथि उल्लेखित आयोजनाबाट प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाका अन्य क्षेत्रमा स्थायी बसोबास गर्ने बासिन्दाहरुको लागि ७०% ले हुन आउने ४२,००,००० (अक्षरेपी बयालीस लाख मात्र) कित्ता साधारण शेयर निष्काशन गरिएको छ। यसैगरी जारी पूंजी रु.६,००,००,००,०००।- (अक्षरेपी छ अर्ब) को १५% प्रतिशत अर्थात रु.९०,००,००,०००।– (अक्षरेपी नब्बे करोड मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको ९०,००,००० कित्ता साधारण शेयरहरु मध्ये ३,६०,००० कित्ता अर्थात सर्वसाधारणमा निष्काशन हुने शेयरको ४% शेयर कम्पनीका कर्मचारीहरुलाई र ४,५०,००० कित्ता अर्थात सर्वसाधारणमा निष्कासन हुने शेयरको ५% शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको र बाँकी ८१,९०,००० कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको छ।

*साथै, सिन्धुपाल्कचोक जिल्लाको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र सिन्धुपाल्चोक जिल्लाको आयोजनाबाट प्रभावित क्षेत्र बाहेक सोही जिल्लाको अन्य क्षेत्रका बासिन्दाहरुका लागि छुट्टाइएको शेयर सम्पूर्ण बिक्री नभएमा बिक्री नभए बराबरको शेयर समेत समावेश गरी सर्वसाधारण (सामूहिक लगानी कोष तथा कम्पनीका कर्मचारीहरुमा समेत) मा निष्कासन गरिने छ।*

**दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

**प्रति मेगावाट लागत सम्वन्धि विवरण :**

कम्पनीको प्रक्षेपति वित्तीय विवरण अनुसार **निर्माण अवधिको ब्याजसहित** प्रति मेगावाट लागत रु.१६,६४,०४,१०१।- तथा कुल लागत रु.१६,९७,३२,१८,२५६।- रहेको छ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण :**

इजाजतपत्र वहाल रहने अवधि मिति २०७०।०८।१८ देखि २१०५।०८।१७ सम्म जम्मा ३५ वर्ष रहेकोमा हाल २७ वर्ष ७ महिना रहेको छ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धि विवरण :**

साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.७० वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.४८ बर्ष रहेको छ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) मा उल्लेखित जोखिमहरुसमेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

**यस विवरणपत्र मार्फत स्थानीय बासिन्दाहरुको लागि बिक्री वितरण गरिने शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन।**

**क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ नेपाल लि. कमलादी, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति डिसेम्बर ०३, २०२० (मिति २०७७/०८/१८) गते "[CARE-NP BB (Is) Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। सो ग्रेडिङ्ग को बैद्यता अबधि एक बर्ष रहने छ। केयर रेट्रिङ नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। "CARE-NP BBB(IS) देखि CARE-NP BB (IS)] ले औसत आधारहरु जनाउँदछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउदछ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :२०७७/०८/१८ (तदनुसार डिसेम्बर ०३, २०२०) बहाल रहने अवधि २०७८/०८/१७ (तदनुसार डिसेम्बर ०२, २०२१)

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त मिति २०७८।०१।०५ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति २०७८।०१।०९ |

**विद्युत नियमन आयोगको पूर्व स्वीकृति सम्वन्धी विवरण :** यस निष्काशनलाई विद्युत नियमन आयोगले मिति २०७६/०८/२९ गते च.नं. १९९ प.सं.०७६/७७ बाट पूर्व स्वीकृति प्रदान गरेको छ।

**धितोपत्र निष्कासन खुल्ला हुने मिति**

निष्कासन खुल्ला हुने मिति : २०७८/०१/२१ निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७८/०२/०४ निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७८/०२/२०

| धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक : | सह-निष्कासन तथा बिक्री प्रबन्धकहरु : | |
|---|---|---|
| ग्लोबल आईएमई क्यापीटल लिमिटेड<br>नक्साल, काठमाण्डौं<br>फोन नं. : ४५४५६४९, ४५४५६५०<br>Email: info@gicl.com.np<br>Web: www globalimecapital.com | एनआइविएल एस क्यापिटल लिमिटेड<br>फोन नं.: ४००५१५७, ४४२५२८०<br>Email: info@niblcapital.com<br>Web:www.niblcapital.com | सिभिल क्यापिटल मार्केट लिमिटेड<br>फोन नं.: ४२६२३०३, ४२६१२५१<br>Email: ccm@civilcapital.com.np<br>Web:www.civilcapitalmarket.com |
| | प्रभु क्यापिटल लिमिटेड<br>फोन नं.: ४२२२९३९, ४२२२९४६<br>Email: info@prabhucapital.com<br>Web: www. prabhucapital.com | सानिमा क्यापिटल लिमिटेड<br>फोन नं.: ४४२८९५६, ४४२८९५६<br>Email: sanimacapital@sanimabank.com<br>Web:www.sanima.capital |
| | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड<br>फोन नं.: ४७८०२२२, ४७८१५८२<br>Email: info@laxmicapital.com.np,<br>Web:www.laxmicapital.com.np | सिविआइएल क्यापिटल लिमिटेड<br>फोन नं.: ४४१७७२३, ४२३९३०६<br>Email: info@cbilcapital.com<br>Web: www.cbilcapital.com |

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) "विवरणपत्र" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

(ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले ग्लोबल आइएमई क्यापीटललाई सम्झनु पर्दछ ।

(ग) "कम्पनी" भन्नाले निष्कासनकर्ता कम्पनी मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) "कम्पनीका कर्मचारीहरु" भन्नाले मध्य भोटेकोशी जलबिद्युत कम्पनी लि.का पदाधिकारीहरु लगायतका कर्मचारीहरु सम्झनु पर्दछ ।

(ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्कासनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) "निष्कासन बैंक" भन्नाले सार्वजनिक निष्कासनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ ।

(च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ ।

(छ) "संस्थापक" भन्नाले मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको संस्थापक शेयरधनी चिलिमे जलविद्युत कम्पनी लि., नेपाल विद्युत प्राधिकरण, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि., तथा सिन्धु भोटेकोशी हाइड्रोपावर लि. सम्झनु पर्दछ ।

(ज) "सञ्चालक" भन्नाले मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको सञ्चालकलाई सम्झनु पर्दछ ।

(झ) "कार्यकारी प्रमुख" भन्नाले मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "व्यवस्थापन" भन्नाले मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ट) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ठ) "सह-निष्कासन तथा विक्री प्रबन्धक" भन्नाले प्रभु क्यापिटल लिमिटेड, कमलादी, सिभिल क्यापिटल मार्केट लिमिटेड, लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, सिविआईएल क्यापिटल लिमिटेड, सानिमा क्यापिटल लिमिटेड र एनआईविएल एस क्यापिटल लिमिटेड (सम्झौता हुँदा एस क्यापिटल लि. रहेको) लाई सम्झनु पर्दछ ।

(ड) "स्थानियवासी" भन्नाले आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु भोटेकोशी गाउँपालिका वडा नं. १ (साविक लिस्ती गा.वि.स.) र वडा नं. ५ (साविक मार्मिङ गा.वि.स.) तथा बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.), ७ (साविक घुम्थाङ्ग गा.वि.स.) एवं ८ (साविक मानेश्वरा गा.वि.स.) मा स्थायी बसोबास गर्ने बासिन्दाहरुको एवं आयोजनाबाट प्रभावित क्षेत्र बाहेक जिल्लाका अन्य क्षेत्रमा स्थायी बसोबास गर्ने एवं यस विवरणपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको अघिल्लो मितिसम्म सोही स्थानमा बसाई सराई गरी आएका नेपाली नागरिक समेतलाई जनाउँछ ।

**ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरणपत्र प्राप्त गर्न सक्ने स्थान**

| सि.नं. | कम्पनीको नाम र ठेगाना |
|---|---|
| १. | **धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक** श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौं । देहाय अनुसारका सह-निष्कासन तथा बिक्री प्रबन्धकहरु मार्फत पनि विवरणपत्र प्राप्त गर्न वा हेर्न सकिने व्यवस्था गरिएको छ : |

| सि.नं. | नाम, ठेगाना |
|---|---|
| १ | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं |
| २ | सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाडौं |
| ३ | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं |
| ४ | सिविआईएल क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाडौं |
| ५ | सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक काठमाडौं |
| ६ | एनआईविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं (सम्झौता हुँदा एस क्यापिटल लि. रहेको) |

साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट www.globalimecapital.com, सह निष्कासन तथा विक्री प्रवन्धकहरुको वेभसाइट क्रमश: www.prabhucapital.com, www.civilcapitalmarket.com, www.laxmicapital.com.np, www.cbilcapital.com, www.sanima.capital, www.niblcapital.com तथा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.mbjcl.com.np एंवम नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

स्थानीय बासिन्दाहरुको निष्कासन तथा विक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझि लिने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ ।

**(क) सिन्धुपाल्चोक जिल्लाभित्र :**

| सि.नं | संकलन केन्द्रको नाम र ठेगाना |
|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड, साँगाचोकगढी न.पा. ५, चौतारा । |
| २. | ग्लोबल आइएमई बैंक लिमिटेड, बाह्रविसे न.पा.९, बाह्रबिसे । |
| ३. | लक्ष्मी बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा. ५,चौतारा । |
| ४. | लक्ष्मी बैंक लिमिटेड, लिसंखुपाखर गा.पा. ७, ठुलोपाखर । |
| ५. | लक्ष्मी बैंक लिमिटेड, सुनकोशी गा.पा. ७, खाडीचौर बजार । |
| ६. | लक्ष्मी बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची । |
| ७. | मेगा बैंक नेपाल लिमिटेड, चौतारा साँगाचोकगढी न.पा. ६, चौतारा । |
| ८. | मेगा बैंक नेपाल लिमिटेड, हेलम्बु गा.पा. २, हेलम्बु । |
| ९. | मेगा बैंक नेपाल लिमिटेड, इन्द्रावती गा.पा. ४, इन्द्रावती । |
| १०. | मेगा बैंक नेपाल लिमिटेड, पाँचपोखरी थनपाल गा.पा. ६, पाँचपोखरी । |
| ११. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., बाह्रविसे न.पा. ६, बाह्रबिसे । |
| १२. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., चौतारा साँगाचोकगढी न.पा. ८, चौतारा । |

| | |
|---|---|
| १३. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., जुगल गा.पा. ५, जुगल । |
| १४. | सिन्धु विकास बैंक लिमिटेड, बाह्रविसे न.पा. ८, बाह्रविसे । |
| १५. | सिन्धु विकास बैंक लिमिटेड, बलेफी गा.पा. ७, खाडीचौर । |
| १६. | सिन्धु विकास बैंक लिमिटेड, बलेफी गा.पा. १, जलवीरे । |
| १७. | सिन्धु विकास बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा १०, सुकुटे । |
| १८. | सिन्धु विकास बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा ५, चौतारा । |
| १९. | सिन्धु विकास बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची । |
| २०. | सिन्धु विकास बैंक लिमिटेड, सुनकोशी गा.पा. १, ठोकर्पा । |
| २१. | सिन्धु विकास बैंक लिमिटेड, लिसखुंपाखर गा.पा. ५, मुढे, । |
| २२. | सिन्धु विकास बैंक लिमिटेड, लिसखुंपाखर गा.पा. ५, सिलढुंगा । |
| २३. | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, त्रिपुरासुन्दरी गा.पा. ४, पिसकर । |
| २४. | सिभिल बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची । |
| २५. | सिभिल बैंक लिमिटेड, बाह्रविसे न.पा. ४, बाह्रविसे । |
| २६. | प्रभु बैंक लिमिटेड, बाह्रविसे न.पा. ९, बाह्रविसे । |
| २७. | नेपाल बंगलादेश बैंक लिमिटेड, भोटेकोशी गा.पा. ४, तातोपानी । |
| २८. | नेपाल बंगलादेश बैंक लिमिटेड, बाह्रविसे न.पा. ९, बाह्रविसे । |
| २९. | कुमारी बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची । |
| ३०. | कुमारी बैंक लिमिटेड, बलेफी गा.पा. १, जलवीरे । |
| ३१. | कुमारी बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा. १०, चौतारा । |
| ३२. | बैंक अफ काठमाण्डू लिमिटेड, सुनकोशी गा.पा. ३, तातोपानी । |
| ३३. | एनआईसी एशिया बैंक लिमिटेड, बलेफी गा.पा. ७, खाडिचौर । |
| ३४. | एनआईसी एशिया बैंक लिमिटेड, बलेफी गा.पा. ५, बलेफी बजार । |

**(ख) काठमाण्डौं उपत्यकाभित्र :**

| सि.नं. | संकलन केन्द्रको नाम र ठेगाना |
|---|---|
| १. | ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौं । |
| २. | एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ. । |
| ३. | प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौं । |
| ४. | सानिमा क्यापिटल लि., पुतलीसडक, काठमाण्डौं । |
| ५. | लक्ष्मी क्यापिटल मार्केट लि., नयाँ बानेश्वर, काठमाण्डौं । |
| ६. | सिभिल क्यापिटल मार्केट लि., सुन्धारा, काठमाण्डौं । |
| ७. | सिविआइएल क्यापिटल लि., डिल्लीबजार, काठमाण्डौं । |

आवश्यकता अनुसार स्वीकृति लिए पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियबासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ ।

**दरखास्त फारम प्राप्त गर्नका लागि रु.२/-(दुई रुपैया) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ ।**

**सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु : :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सीआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्कासनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानुन अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै: कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७६।७७ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको मिति २०७८।०१।०८ को निर्णयानुसार यस कम्पनी आ.व. २०७६।७७ सम्मको लागि अध्यावधिक गरिएको छ ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग.३.  संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क.  संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड (Madhya Bhotekoshi Jalavidyut Company Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.३, महाराजगंज, काठमाडौंमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ३, महाराजगंज, काठमाडौं र कम्पनीको आयोजना कार्यालय र जलविद्युत केन्द्र सिन्धुपाल्चोक जिल्ला साविक गाति (बाह्रबिसे न.पा. ५) र मार्मिङ गा.वि.स. (भोटेकोशी गा.पा. ५) मा पर्दछ । यस कम्पनीको कारोवार गर्ने स्थान काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**<u>संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :</u>**

(१) मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड प्रचलित कानुन बमोजिम २०६७ साल श्रावण १३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीको जलविद्युत आयोजना सिन्धुपाल्चोक जिल्लाको साविक गाति (बाह्रबिसे न.पा. ५) र मार्मिङ गा.वि.स. (भोटेकोशी गा.पा. ५) मा रहेको छ ।

(२) कम्पनीमा हाल चिलिमे जलविद्युत कम्पनी लि., नेपाल विद्युत प्राधिकरण, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि. र सिन्धु भोटेकोशी हाइड्रोपावर लि. संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ३७ प्रतिशत चिलिमे जलविद्युत कम्पनी लिमिटेडलाई, १० प्रतिशत नेपाल विद्युत प्राधिकरणलाई, १ प्रतिशत सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि. लाई, १ प्रतिशत सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.लाई, १ प्रतिशत नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि.लाई र १ प्रतिशत आयोजनामा घरजग्गा परी अति प्रभावित मानिएका घरपरिवारबाट गठन भएको कम्पनी सिन्धु भोटेकोशी हाइड्रोपावर लिमिटेडलाई रहेको छ । त्यस्तै १ प्रतिशत ऋणदाता संस्था (कर्मचारी सञ्चय कोष) का कर्मचारीहरुलाई, ३.५ प्रतिशत संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुलाई, १९.५ प्रतिशत कर्मचारी सञ्चयकोषका संचयकर्ताहरुलाई आ.व. २०७५/७६ मा निष्कासन गरी मिति २०७५/०९/०४ गते बाँडफाँट कमिटिबाट बाँडफाँट भइसकेको छ । साथै आयोजना प्रभावित स्थानिय बासिन्दाहरुलाई १० प्रतिशत र सर्वसाधारणलाई १५ प्रतिशत धितोपत्र निष्कासन तथा बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

३) संगठित संस्थाले २०६८ कात्तिक २८ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद विक्री सम्झौता गरेको छ । त्यस्तै निर्माण कार्य पूर्वका मुख्य कार्य प्राप्तिहरु :

१) आयोजना सर्वेक्षण अनुमति प्राप्त मितिः २०६७।१२।२५

२) ऋण सम्झौता (कर्मचारी सञ्चयकोष, चिलिमे जलविद्युत कम्पनी र संगठित संस्था विच भएको त्रिपक्षिय सम्झौता) मितिः २०६८।०८।२२ र २०७७।०४।१४ को पुरक ऋण सम्झौता)

३) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत मितिः २०७०।०७।२६

*(वातावरणीय प्रभाव मूल्यांकन (EIA) को परिमार्जित वातावरण व्यवस्थापन योजना (EMP) स्वीकृत मितिः २०७४।०३।२९)*

४) विद्युत उत्पादन अनुमति पत्र प्राप्त मितिः २०७०।०८।१८

५) विद्युत खरिद विक्री सम्झौता मितिः २०६८।०७।२८

६) विद्युत उत्पादन अनुमति बहाल रहने अवधिः २०७०।०८।१८ देखि २१०५।०८।१७ सम्म रहेको छ ।

७) विद्युत प्रसारण अनुमतिपत्र बहाल मितिः २०७६।०४।२८ देखि २१०१।०४।२७ सम्म रहेको छ ।

(४) १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाको निर्माण कार्य मिति २०७० माघ २८ बाट प्रारम्भ भएको र सिन्धुपाल्चोक जिल्लामा पर्ने भोटेकोशी नदी विद्युत उत्पादनको लागि आवश्यक प्रमुख जलस्रोतको रुपमा रहेको छ ।

(५) यस कम्पनीद्वारा निर्माणाधीन मध्य भोटेकोशी जलविद्युत आयोजनाको लागत कम्पनीको प्रक्षेपति वित्तीय विवरण बमोजिम निर्माण अवधिको ब्याज सहित प्रति मेगावाट करिब रु.१६,६४,०४,१०१।- रहेको छ । आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ७.७० वर्ष रहेको छ डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.४८ वर्ष रहेको छ ।

(६) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

आयोजना स्थल : वाग्मती अञ्चल, सिन्धुपाल्कचोक जिल्ला, साविक गाति/मार्मिङ गा.वि.स.
(हाल बाह्रबिसे न.पा. ५ र भोटेकोशी गा.पा. ५)
श्रोत नदी : भोटेकोशी नदी, सिन्धुपाल्चोक जिल्ला
आयोजनाको किसिम : रन अफ रिभर
डिजाइन डिस्चार्ज : ५०.८० घन मिटर प्रति सेकेण्ड
उत्पादन हुने इनर्जी : ५४२ गेगावाट आवर (वार्षिक)
आयोजनाको उत्पादन क्षमता : १०२ मेगावाट
ग्रस हेड : २३५ मिटर
डाइभर्सन बाँध : लम्बाई ६५.५ मिटर, उचाई ११ मिटर
डाइभर्सन सुरुङ्ग : लम्बाई ३३० मिटर, ब्यास ६ मिटर
डिस्यान्डीङ्ग वेसिन : १०० मि. लम्बाई x १३ मि. चौडाई मि. x ८.५ मि. उचाईको तीन वटा च्याम्वरहरु
हेडरेस सुरुङ्ग : लम्बाई ७,१२४ मिटर, ब्यास ५.७ मिटर
भुमिगत पेनस्टक : लम्बाई ७३० मिटर, ब्यास ३.६ मिटर
पावरहाउस : लम्बाई ७१.७४ मिटर, चौडाई १३.५ मिटर, उचाई ३५ मिटर
टर्वाइन फ्रान्सिस : ३४ मेगावाटको तीन वटा
जेनेरेटर : ३ X ४० MVA

**उत्पादन शुरु हुने मिति** : यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मध्य भोटेकोशी जलविद्युत आयोजना (१०२ मे.वा.) बाट उत्पादन हुने विद्युत खरिद-बिक्री सम्बन्धी सम्झौताको मिति २०७७।०६।१९ मा सम्पन्न दोश्रो संशोधनबाट कायम भएको आयोजनाको संशोधित Required Commercial Operation Date (RCOD) अनुसार यो आयोजनाबाट मिति February 28, 2021 (२०७७ फागुन १६ गते) सम्म विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा विभिन्न कारणहरुबाट आयोजनाको निमार्ण कार्यमा प्रभावित भई हाल मिति June 30, 2021 (२०७८ असार १६ गते) सम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्यसाथ कार्य भइरहेको छ ।

आयोजनाको लागत निर्माण अवधिको ब्याज बाहेक : रु.१५ अर्ब ३ करोड २ लाख ९० हजार
आयोजनाको लागत निर्माण अवधिको ब्याज सहित : रु.१६ अर्ब ९७ करोड ३२ लाख १८ हजार
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ७.७० वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १५.४८ वर्ष
Net Present Value (NPV) : रु.५५,०२,३९०/–
Internal Rate of Return : १३.४९%

आयोजनाको कूल वर्तमान मूल्य NPV १०% प्रतिवर्षको दरले डिस्काउन्ट गरी तथा आयोजनाको आन्तरिक प्रतिफल दर IRR गणना गर्दा आयोजनाको कूल वर्तमान मूल्य NPV शुल्य हुने गरी Hit and Trial विधि अनुरुप गणना गरिएको छ ।

**संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।**

(१) कम्पनीले निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरीद विक्रीका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८।०७।२८ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्था (कर्मचारी सञ्चयकोष) लाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी वर्षको ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी) | सुख्खा याम (पौषदेखि चैत्र सम्म रु. प्रति युनिट) | वर्षा याम (बैशाखदेखि मार्ग सम्म रु.प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिनादेखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिनादेखि ३६ औं महिनासम्म | ८।९१ | ५।०९ |
| ३७ औ महिनादेखि ४८ औं महिनासम्म | ९।१८ | ५।२५ |
| ४९ औ महिनादेखि ६० औं महिनासम्म | ९।४५ | ५।४० |
| ६१ औ महिनादेखि ७२ औं महिनासम्म | ९।७४ | ५।५६ |
| ७३ औ महिनादेखि ८४ औं महिनासम्म | १०।०३ | ५।७३ |
| ८५ औ महिनादेखि ९६ औं महिनासम्म | १०।३३ | ५।९० |
| ९७ औ महिनादेखि सम्झौता अवधिसम्म | १०।६४ | ६।०८ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिइनेछ :

क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १२ महिनाभन्दा बढी २४ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति २४ महिनाभन्दा बढी ३६ महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३६ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

(२) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशत दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिंगमा समायोजन गरिनेछ ।

(४) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै कुनै पनि उत्पादन इकाईको परीक्षण कार्य आपसी सहमतिमा सम्पन्न भई विद्युत उत्पादन हुन सक्ने अवस्था भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए वापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

**हर्जाना सम्वन्धि विवरण**

(१) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनुपर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ (पेज नं. ३७ र ३८ मा संलग्न) को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(२) कन्ट्रयाक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशतभन्दा कम नहुने गरी प्रत्येक महीना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम रु.

= [०.८ x सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - साही अवधीमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबू बाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर;

यसरी हिसाव गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिनेछ । क्षतिपूर्ति रकम बील रकमभन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन ।

(३) यस दफा १० मा उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्रधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागू हुनेछ ।

**आयोजनाको हालको अवस्था लगायत विभिन्न कार्यहरूको मिति २०७७ चैत्र मसान्तसम्मकाको प्रगति विवरण**

<table>
<tr><th>क्र.सं.</th><th>कार्य</th><th>हालको अवस्था</th></tr>
<tr><td>१</td><td>लट नं. १: सिभिल तथा हाइड्रोमेकानिकल कार्य</td><td>
यस कार्यको लागि श्री Guangxi Hydroelectric Construction Bureau Co. Ltd., (हालको नाम: China Energy Engineering Group Guangxi Hydroelectric Construction Bureau (CEEC GHCB)), China सँग मिति जनवरी १, २०१४ मा ठेक्का सम्झौता भई मिति फेब्रअरी ११, २०१४ देखि कार्य शुरु भएको थियो । बाँध, रेडिएल गेट, इन्टेक, डिस्याण्डर, फ्लसिंग गेट, Forebay, Outlet गेट, हेडरेस सुरुंग, सर्ज टयाङ्क, इमरजेन्सी भल्भ, अण्डरग्राउण्ड पेन स्टक, पावर हाउस तथा विभिन्न Hoisting सहितका गेटहरु र स्टपलगहरु सबै प्रमुख सिभिल तथा हाईड्रोमेकानिकल कार्यहरूको निर्माण तथा जडान यस ठेक्का सम्झौता अन्तर्गतको कार्य पर्दछ ।
लट नं. १ अन्तर्गतको सिभिल तथा हाइड्रोमेकानिकल कार्यलाई ६० वटा Milestones मा विभाजन गरिएको छ । यसका साथै Contract मा Tunnel, Surge Tank तथा Penstock र Powerhouse Slope support को BOQ मा व्यवस्था गरिएको छ । हाल सम्म आयोजना कार्यान्वयनको अवस्था निम्नानुसार छ ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यको विवरण</th><th>प्रगति</th></tr>
<tr><td>१</td><td>Headrace Tunnel</td><td>आयोजनाको मुख्य सुरुङ्ग (Headrace Tunnel, HRT) को चारवटै Face बाट Tunnel Excavation को काम भइरहेको छ । HRT को जम्मा कार्य ७,१२६ मिटरमध्ये हालसम्म जम्मा ६,६७६ मिटर (अर्थात् ९३.६८%) Excavation and Support को काम सम्पन्न भई अब ४५० मिटर (अर्थात् ६.३२%) बाँकी रहेको अवस्था छ ।</td></tr>
<tr><td>२</td><td>Powerhouse</td><td>Auxiliary Power house तर्फ ९२८ मिटर लेभलको ढलान भएको छ। Machine hall मा ९२० मिटर लेभल सम्म ढलान भएको छ । तिनवटै Unit को Draft Tube Elbow Install गरी Second Stage Concrete समेत गरिसकिएको छ । तिनवटै Draft Tube पछिको Tailrace Duct ढलानको काम सकिएकोछ । Erection bay मा ९२० मि. लेभलको Raft Concrete, Shear Wall को Concreting सम्पन्न गरी ९२५ मिटरको Concreting गर्ने अवस्थामा पुगेको छ ।</td></tr>
<tr><td>३</td><td>Headwork</td><td>Spillway Area मा ११४९ मि. Elevation सम्म Concreting को कार्य सम्पन्न । Desander Area मा Concreting को कार्य भइरहेको । Borepiles को कार्य पूर्णरुपमा सम्पन्न भई सकेको छ ।</td></tr>
<tr><td>४</td><td>Surge Tank</td><td>१५ मि. diameter को सर्ज ट्यांकको पुरै Excavation & Support सकिएको, Concrete Lining गर्न बाँकी रहेको ।</td></tr>
<tr><td>५</td><td>Tunnel 3</td><td>Excavation कार्य समाप्त भई invert मा concrete को कार्य bifurcation बाहेक सकिएको ।</td></tr>
<tr><td>६</td><td>Vertical Penstock Shaft</td><td>१७८ मिटर लम्बाईको Vertical Pestock Shaft को excavation & support को कार्य सम्पन्न भई सकेको ।</td></tr>
</table>
</td></tr>
<tr><td>२</td><td>लट नं. २ : इलेक्ट्रोमेकानिकल कार्य</td><td>
यस कार्यको लागि श्री Andritz Hydro Pvt. Ltd., India सँग मिति जुलाई १०, २०१४ मा ठेक्का सम्झौता भई मिति सेप्टेम्बर ९, २०१४ देखि कार्य शुरु भएको थियो । यस लट अन्तर्गत आयोजनाको मुख्य मेशिन उपकरणहरू जस्तै टर्वाइन, जेनेरेटर, ट्रान्सफर्मर, स्वीचगीएर, भल्भ, गभर्नर र सो सँग सम्बन्धित उपकरणहरूको डिजाइन, निर्माण, सप्लाई, जडान, परीक्षण र कमिसनिङ्ग कार्य पर्दछ ।
आयोजनाको इलेक्ट्रोमेकानिकल कार्यका लागि यस कार्यको ठेकेदार कम्पनी श्री Andritz Hydro Pvt. Ltd. India बाट आयोजनाको विद्युतगृहको लागि आवश्यक सबै Equipment हरुको Design, Manufacture, Supply तथा Transport गरी आयोजना स्थलमा रहेको स्टोरमा लगी राख्ने र सो स्टोरबाट आवश्यकता अनुसार सामानहरु Powerhouse मा लगी जडान गर्ने कार्य भइरहेको ।
यस कार्यको कुल ठेक्का रकम (करीब रु. २ अर्ब ५० करोड) मध्ये निज ठेकेदार कम्पनीबाट हालसम्म करीब ६०.७५% बराबरको Equipment हरु एल.सी.मार्फत सप्लाई गर्ने कार्य सम्पन्न भइसकेको ।
विभिन्न प्राकृतिक प्रकोपहरुको कारणले आयोजनाको लट नं.१ : सिभिल एण्ड हाइड्रोमेकानिकल कार्यमा भएको ढिलाईको प्रभाव यस कार्यमा पनि परेको छ । हालसम्म लट नं. १ कार्यका ठेकेदार कम्पनीबाट विद्युतगृहको फाउण्डेसनको कंक्रिटिङ्ग सम्पन्न भई यस इलेक्ट्रोमेकानिकल कार्यअन्तर्गत तीनै वटा Draft Tube Elbow Install गर्ने कार्य सम्पन्न भएको ।
यस कार्यअन्तर्गत अब क्रमशः Draft Tube Cone, Spiral Casing तथा Generator Barrel को Embedded Parts Install गर्ने कार्यहरु गर्ने कार्यक्रम रहेको छ ।
</td></tr>
<tr><td>३</td><td>प्रसारण लाइन कार्य</td><td>यस कार्यका लागि श्री Urja-AC JV, Lalitpur, Nepal सँग मिति जुलाई २७, २०१८ मा ठेक्का सम्झौता भई मिति अक्टोबर ८, २०१८ मा कार्य शुरु भएको छ । यस अन्तर्गत विद्युतगृहको स्वीचयार्ड देखि नेपाल विद्युत प्राधिकरणको प्रस्तावित बाह्रविसे २२० के. भी सब स्टेशनसम्म करिब ४ कि.मी. प्रसारण लाइन र सो सँग सम्बन्धित उपकरणहरूको डिजाइन, निर्माण, सप्लाई, परीक्षण र कमिसनिङ्ग कार्यहरू पर्दछ ।</td></tr>
</table>

| | | |
|---|---|---|
| | | हाल सम्म प्रसारण लाइन कार्य अन्तर्गत आयोजनाको कार्यान्वयनको अवस्था निम्नानुसार छ:<br>- नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८।०५।०८ मा Grid Connection Agreement सम्पन्न; मिति २०७२।०२।१२ मा श्री उर्जा मन्त्रालयबाट विद्युत प्रसारणको सर्वेक्षणको अनुमति पत्र प्राप्त गरी Detailed Route Alignment Survey with Tower Spotting को कार्य सम्पन्न भई प्रसारण लाइनको Topographical Mapping र Design कार्य सम्पन्न; प्रसारण लाइनको र सो संग सम्बन्धित उपकरणहरूको डिजाइन, निर्माण, सप्लाई, परीक्षण र कमिसनिङ्ग कार्यहरूको लागि मिति जुलाई २७, २०१८ मा श्री Urja-AC JV, Lalitpur, Nepal संग ठेक्का सम्झौता सम्पन्न; ठेकेदारबाट Tower हरुको Design & Fabrication को कार्य सम्पन्न; श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन मिति २०७६।०२।०९ मा स्वीकृत भएको; यस आयोजनालाई श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयअन्तर्गतको विद्युत विकास विभागबाट मिति २०७६।०४।२८ मा विद्युत प्रसारणको अनुमतिसमेत प्राप्त भइसकेको; हालसम्म उक्त प्रसारण लाईन निर्माण कार्यको Survey र Design लगायतका कामहरु सम्पन्न भई Manufacturing & Supply को प्रक्रिया सुरु भएको; यस प्रसारण लाईन निर्माणका लागि आयोजनालाई आवश्यक पर्ने जग्गा प्राप्तिका लागि प्रारम्भिक अधिकृत तोक्ने प्रक्रिया सम्पन्न भई फिल्डमा कित्ता काट verify गर्ने काम सकिएको छ । प्रसारण लाइन निर्माणको लागि टावर रहने स्थानहरुको लागि आवश्यक जग्गा पहिचान गरी जग्गा प्राप्तिको सूचना प्रकाशित गरिसकिएको; उक्त जग्गा अधिग्रहणसंग सम्बन्धित अन्य आवश्यक प्रक्रिया अगाडी बढाउन श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकसंग समन्वय गरी काम भइरहेको छ । |
| ४ | **निर्माण सुपरिवेक्षण परामर्श सेवा** | यस कार्यको लागि श्री Lahmeyer International GmbH in Association with Total Management Services P. Ltd. (हाल: Tractebel Engineering GmbH), Germany सँग मिति नोभेम्बर ४, २०१२ मा ठेक्का सम्झौता सम्पन्न भई मिति नोभेम्बर ११, २०१२ देखि आयोजनाको निर्माण सुपरिवेक्षणको कार्य शुरु भएको थियो । उक्त परामर्शदाताबाट आयोजना व्यवस्थापन र निर्माण सुपरभिजनको कार्य भइरहेको छ । |
| ५ | **भवनहरू निर्माण** | आयोजना निर्माण स्थलमा कम्पनी स्टाफ र परामर्शदाताहरूको लागि आवश्यक १० भवनहरूको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको छ । यी भवनहरू कम्पनी र परामर्शदाता कर्मचारीहरूको लागि आवास तथा अफिसको लागि प्रयोगमा ल्याइएको छ । |
| ६ | **डाइभर्सन रोड** | आयोजना निर्माणको लागि पावर हाउसक्षेत्रमा अरनिको राजमार्गको करिब ३३० मिटर भाग डाईभर्सन गर्नु पर्ने भएकोले भोटेकोशी नदीमा २ वटा बेलीब्रीज निर्माण गरी अस्थायीरूपमा निर्माण अवधिको लागि डाईभर्सन रोड निर्माण गरिएको छ । |
| ७ | **जग्गा अधिग्रहण** | आयोजनाको संरचनाहरूको निर्माणको लागि जग्गा अधिग्रहण कार्यको प्रक्रिया अन्तर्गत हाल सम्म ९८.७९% जग्गाको मुआब्जा दिइसकिएको छ् । प्रसारण लाईन निर्माणका लागि आयोजनालाई आवश्यक पर्ने जग्गा प्राप्तिका लागि प्रारम्भिक अधिकृत तोक्ने प्रक्रिया सम्पन्न भई फिल्डमा कित्ता काट verify गर्ने काम सकिएर जग्गा अधिग्रहणसंग सम्बन्धित आवश्यक प्रक्रियाको लागि श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकसंग समन्वय गरी काम भई रहेको । |
| ८ | **सरकारी वन क्षेत्रको स्वीकृति** | आयोजना निर्माणको लागि आवश्यक पर्ने गौरीशंकर संरक्षण क्षेत्रको ४.५८ हेक्टर र सामुदायिक वनहरू रहेको १०.११ हेक्टर गरी कुल १४.६९ हेक्टर सरकारी वन क्षेत्र र सो मा रहेको रुख बिरुवा कटानको निमित्त नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।०७।२७ को निर्णयबाट स्वीकृति प्राप्त भएको छ । सो निर्णय कार्यान्वयनको लागि मिति २०७४।०९।०६ गतेका दिन यस कम्पनी एवं वन विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बीच सरकारी वन क्षेत्रको प्रयोग र सो मा रहेको रुख बिरुवा कटानको निमित्त त्रिपक्षीय सम्झौतासमेत सम्पन्न भई सो अनुरुप कार्य भइरहेको छ । |
| **आयोजनाको समग्र प्रगति प्रतिशत** | | आयोजनाको अद्यावधिक लागत अनुमानको रकम रु.१५ अर्ब ०३ करोड ०२ लाखको ९० हजार आधारमा २०७७ चैत्र मसान्तसम्म निर्माण अवधिको ब्याजबाहेक रकम रु. ८ अर्ब २६ करोड ५ लाख २९ हजार ३९ रुपैया खर्च भएको छ । सो अनुसार आयोजनाको समग्र प्रगति प्रतिशत ५४.९६% रहेको । |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

(१) प्रचलित कानुन बमोजिम अनुमतिपत्र प्राप्त गरी सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी खोलामा उपलब्ध जलश्रोत उपयोग गरी मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण, संचालन र व्यवस्थापन गर्ने र उक्त आयोजनाबाट उत्पादित विद्युत विक्री गर्ने ।

(२) सम्भाव्य जलविद्युत आयोजनाको पहिचान गरी अनुमतिपत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्ने र ती आयोजनाहरुबाट उत्पादित विद्युत शक्ति विक्री गर्ने ।

(३) विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्न अन्य कम्पनीसँग मिली लगानी गर्ने वा नयाँ कम्पनी स्थापना गरी सो कार्य गर्ने ।

(४) उत्पादित विद्युत शक्ति विक्री वितरणका निमित्त आवश्यकता अनुसार सवस्टेशन तथा प्रशारण लाईनहरु निर्माण गर्ने र राष्ट्रिय प्रसारण प्रणालीसँग जोडी विक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने ।

(५) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एकमुष्ट विक्री गर्ने वा प्रचलित कानुनको अधिनमा रही आफ्नै प्रसारण लाइन विकास गरी वा अन्य निकायको प्रसारण लाइन प्रयोग गरी उपभोक्ताहरुलाई विक्री वितरण गर्ने ।

(६) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई एकमुष्ट विक्री गर्ने सम्बन्धमा सम्झौता गर्ने ।

(७) प्रचलित कानुन बमोजिम स्वीकृति लिई उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने ।

(८) जलविद्युत आयोजनाको पहिचान, सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापनसँग सम्वन्धित र सहायक हुने अन्य आवश्यक काम गर्ने, गराउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** सिन्धुपाल्चोक जिल्लामा रहेको भोटेकोशी नदीको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, हेडरेस सुरुङ, सर्ज टैंक, पेनस्टक, विद्युतगृह आदी संरचना रहेका छन । आयोजनाबाट १०२ मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा ३४ मे.वा. का ३ वटा फ्रान्सिस टर्वाइन र ४० एम.भी.ए का ३ वटा जेनेरेटर जस्ता उपकरणहरुको प्रयोग गरिएको छ ।

३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देशभित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माणमा लगानी गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा विकास गर्ने ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** कम्पनीबाट निर्माणाधिन मध्य भोटेकोशी जलविद्युत आयोजनाको उत्पादन क्षमता १०२ मेगावाट रहेको र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत विक्री वितरण गरिनेछ । आयोजनाको निर्माण मिति ३० जुन २०२१ (२०७८ असार १६ गते) सम्म सम्पन्न गर्ने लक्ष्यसाथ कार्य भइरहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** वागमती अञ्चलको सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी नदीको पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** आयोजनाको निर्माण अवधिमा गर्नुपर्ने गुण नियन्त्रणका लागि विदेशी परामर्शदाता नियुक्त गरी निज मार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ ।

(१०) **अनुसन्धान तथा विकास** : कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल सो आयोजनाको विकास/निर्माण भैरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**
मिति २०७७।०३।२४ गते राती भोटेकोशी नदी र आसपासका विभिन्न खोल्सा खोल्सीमा आएको बाढीले गरेका निम्नानुसारका क्षतिहरू बाहेक विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी अन्य कुनै बाधा व्यवधान नरहेको:

- कोरोनाभाइरस संक्रमण रोकथाम एवं नियन्त्रणको लागी नेपाल सरकारद्वारा जारी गरिएको लकडाउनको समयसमेतमा सम्बन्धित निकायबाट सवारी पास उपलब्ध भई आवश्यक निर्माण सामाग्रीहरु ढुवानी गरी हेडवर्क्स क्षेत्रमा निर्माण भइरहेको बाँधलाई बर्षायाम अगावै सुरक्षित लेभलसम्म पुर्याउने लक्ष्यसाथ उल्लेख्यरुपमा कार्य गरिएको हुँदा मिति २०७७।०३।२४ गते राती भोटेकोशी नदीमा आएको बाढीबाट हेडवर्क्स क्षेत्रमा कुनै क्षति नपुगेको;
- सोही अनुरुपको उपलब्धी हासिल गर्ने अभिप्रायका साथ पावरहाउससमेतमा कार्य गरिदैं आइएकोमा पावरहाउस निर्माणको लागि अस्थायी रुपमा डाइभर्जन गरिएको खोल्सीमा मिति २०७७।०३।२४ गते राती आएको बाढीसंगै आएको ढुंगा उक्त खोल्सीको बेण्ड (bend) मा अड्किएर सो खोल्सीको पानी तथा माटो बालुवा पावरहाउसमा पसेको हुँदा उक्त debris लाई सफा गर्ने कार्य भइरहेको;
- यस बाहेक इलेक्ट्रोमेकानिकल ईक्विपमेन्टहरुको भण्डारणको लागि बनाइएको स्टोर नजिकैको खोल्सीमा आएको बाढी पहिरोले स्टोरको केही भाग क्षतिग्रस्त भएको हुँदा सम्बन्धित बीमा कम्पनीबाट क्षतिपूर्तिको प्रयोजनार्थ बीमा कम्पनीका प्रतिनिधिहरुबाट क्षति भएका ईक्विपमेन्टहरुको निर्क्यौल एवं मूल्यांकन गर्ने कार्य भइरहेको छ;
- साथै खाग्डोल खोलामा आएको बाढीले लट २ ठेकेदार कम्पनीको आवासको लागि बनाइएको क्याम्पमा रहेका प्रि-फेब्रिकेटेड भवनहरु पूर्णरुपमा क्षति पुर्याएको छ, तर ती भवनहरुमा कोही पनि नबसेको हुँदा मानवीय क्षति भने हुन पाएन ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीद्धारा निर्माणाधिन आयोजनाबाट विद्युत उत्पादन भए पश्चात् एकमात्र खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहने गरी विद्युत खरीद विक्री सम्झौता भएको ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**
आयोजना हाल निर्माणाधिन अवस्थामा रहेको र निर्माण सम्पन्न गर्नका लागि निम्न बमोजिमका संस्थाहरुसँग ठेक्का सम्झौता भईसकेको :

क) आयोजनाको परामर्श सेवा कार्यका लागि परामर्शदाता लाम्हेर इन्टरनेशनल जि.एम.बि.एच, (हालको नाम: Tractebel Engineering) जर्मनी सँग मिति २०६९।०७।१९ मा ठेक्का सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको ।

ख) आयोजनाको लट १: सिभिल तथा हाइड्रो मेकानिकल कार्यका लागि ठेकेदार श्री चाइना ईनर्जी इन्जिनियरिंग ग्रुप ग्वांग्सी हाइड्रोइलेक्ट्रिक कन्स्ट्रकसन ब्युरो कं. लि., चाइनासँग मिति २०७०।०९।१७ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

ग) आयोजनाको लट २: इलेक्ट्रोमेकानिकल कार्यका ठेकेदार एन्ड्रिज हाइड्रो प्राइभेट लिमिटेड, भारतसँग मिति २०७१।०३।२६ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

घ) आयोजनाको ट्रान्समिसन लाईन निर्माण कार्य: आयोजनाको विद्युत गृह देखि नेपाल विद्युत प्राधिकरणको प्रस्तावित बाह्रबिसे सब स्टेसनसम्म करिब ४ कि.मि. लम्बाईको २२० केभी सिंगल सर्किट ट्रान्समिसन लाईन निर्माणकार्यको लागि ठेकेदार कम्पनी श्री उर्जा-एसी जेभी, ललितपुर, नेपालसँग मिति २०७५।०४।११ (जुलाई २७, २०१८) मा ठेक्का सम्झौता भई कार्य सम्पादन हुँदै आएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** हाल कम्पनी अर्न्तगतको मध्य भोटेकोशी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको विवरण देहाय बमोजिम रहेको छ ।

*(आर्थिक वर्ष २०७६।७७ को लेखापरिक्षण भएको वित्तीय विवरण अनुसार)*

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम (रु. हजारमा) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| (क) | **कम्पनीतर्फ** | | | |
| | ज्यावल एवं उपकरण | ४,४३,६१८.११ | कम्पनीको कर्पोरेट | चालु अवस्थामा रहेको |
| | सवारी साधन | १७,९२,१२१.९४ | | चालु अवस्थामा रहेको |

| | | | | |
|---|---|---|---|---|
| | फर्निचर तथा फिक्चर | ३,८८,३९१.३२ | कार्यालय, महाराजगञ्ज, काठमाण्डौं । | चालु अवस्थामा रहेको |
| | कार्यालय सामाग्री | ७,६६,११०.५७ | | चालु अवस्थामा रहेको |
| | विविध सम्पत्ति | १,१३,४१६.६२ | | चालु अवस्थामा रहेको |
| | **जम्मा (क)** | **३५,०३,६५८.५७** | | |
| (ख) | **आयोजनातर्फ** | | | |
| | जग्गा | ३७,६३,१२,२१३.८३ | आयोजना रहेको स्थान बाह्रविसे न.पा. ५, सिन्धुपाल्चोक । | चालु अवस्थामा रहेको |
| | आवासीय प्रिफ्याप भवन | ६,१८,५६०.५५ | | चालु अवस्थामा रहेको |
| | कार्यालय तथा अन्य भवन | ७,६३,३३,८३४.४७ | | चालु अवस्थामा रहेको |
| | ज्यावल एंव उपकरण | ४,०८,९७९.२० | | चालु अवस्थामा रहेको |
| | हेभी इक्युप्मेण्ट | १,०७,११,५२५.५६ | | चालु अवस्थामा रहेको |
| | सवारी साधन | १,६०,२८,००३.४९ | | चालु अवस्थामा रहेको |
| | फर्निचर तथा फिक्चर | २०,१०,८१५.६० | | चालु अवस्थामा रहेको |
| | कार्यालय सामाग्री | ८,७२,५९७.२८ | | चालु अवस्थामा रहेको |
| | विविध सम्पत्ति | १३,८८,६७०.८७ | | चालु अवस्थामा रहेको |
| | **जम्मा (ख)** | **४८,४६,८५,२००.८७** | | चालु अवस्थामा रहेको |
| | **जम्मा (क) + (ख)** | **४८,८१,८८,८५९.४४** | | |

**नोट :** अन्य उपकरणहरुको सम्वन्धमा हालसम्म इलेक्ट्रोमेकानिकल कार्यको ठेक्का सम्झौतामा भएका विभिन्न उपकरणहरु मध्ये क्रमशः Draft tube elbow, First Stage Embedment parts, Earth Mat, Powerhouse EOT Crane, Generator Stator Frame, Generator Auxiliary parts, Spiral Casing, Oil Pressure Unit, Compressor System तथा ODC Consignment अन्तर्गतका मालसामानहरु जस्तैः Turbine Shaft, Imtermediate Shaft, Generator Shaft, MIV, Stator जस्ता उपकरणहरु आयोजना निर्माण स्थलमा सम्वन्धित ठेकेदारको जिम्मामा रहेको र उक्त उपकरण कम्पनीको चल अचल सम्पत्तिको रुपमा श्रृजना भईनसकेको अवस्था रहेको ।

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

**आयोजना निर्माण तथा संचालनका लागि खरिद गरिएको तथा लिजमा लिइएको व्यक्तिगत जग्गाहरुको विवरण :**

| सि.नं. | विवरण | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | खरिद गरिएको | ३७७ रोपनी | आयोजनाको उत्पादन अनुमति अवधि मिति २१०५।०८।१७ गते पश्चात नेपाल सरकारलाई निशुल्क हस्तान्तरण गरिने । |
| २ | लिजमा लिइएको | १४१.६ रोपनी (२०७७ मंसिर मसान्तसम्म) | विभिन्न मितिका सम्झौताबमोजिम भाडामा लिइएका निजी जग्गाहरु आयोजना निर्माण अवधिको लागि अस्थायी संरचनाहरु निर्माणको लागि प्रयोगमा ल्याइएको हुँदा आयोजनाको निर्माण सम्पन्न हुनासाथ उक्त जग्गाहरु सम्बन्धित जग्गाधनिहरुलाई फिर्ता गर्ने गरी जग्गा भाडा सम्झौताको म्याद क्रमशः समाप्त हुँदै जानेछ । भाडामा लिइएका उक्त जग्गाहरु मध्ये अधिकतम लिज समाप्त हुने अवधि २०७८।०५।०१ रहेको । हाल उपलब्ध गराई रहिएको बार्षिक प्रति रोपनी रु.३०,१७२।- को हिसाबले यी जग्गाहरुबापत यस बर्षको लागि कूल रु.४२,७२,३५६।-( बयालीस लाख बहत्तर हजार तिन सय छपन्न मात्र) बार्षिक भाडाबापत आयोजनाबाट सम्वन्धित जग्गाधनीलाई उपलब्ध गराइने ।<br>गत आ.व.२०७५।७६ मा लिजमा लिइएको जग्गाहरुको भाडाबापत कूल रु.३८,५९,९३०।- (अठ्तीस लाख उनान्साठी हजार नौ सय तीस मात्र) उपलब्ध गराइएको । |
| | कूल | ५१८.६ रोपनी | |

**लिजमा लिएको सरकारी वन क्षेत्रको विवरण*** :

| सि.नं. | विवरण | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | आयोजना निर्माण अवधि (Short Term Lease) | १२.८९ हेक्टर | वार्षिक प्रति हेक्टर रु.३,५००।- (वार्षिक १० प्रतिशतका दरले थप हुने गरी) का दरले श्री जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकलाई उपलब्ध गराइरहेको छ । आयोजना निर्माण अवधि समाप्त भए पश्चात उक्त जग्गाहरु नेपाल सरकारलाई फिर्ता गरिने । |
| २ | आयोजना अवधिभर (Long Term Lease) | १.८० हेक्टर | आयोजना निर्माण तथा संचालनका लागि प्रयोगमा ल्याइएका उक्त जग्गाहरु वापत श्री जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकलाई सट्टा भर्ना दिने प्रकृयामा रहेको । आयोजनाको उत्पादन अनुमति अवधि मिति २१०५।०८।१७ गते पश्चात उक्त जग्गाहरु नेपाल सरकारलाई नै हस्तान्तरण गरिने । |
| | कूल | १४.६९ हेक्टर | |

**नोट* :** मन्त्रीपरिषद्को मिति २०७४/०७/२७ को निर्णय बमोजिम २०७४ पौष ०६ गते वन बिभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग र यस कम्पनी बीच त्रिपक्षीय सम्झौता भएको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :

कर्मचारी सञ्चय कोष, चिलिमे जलविद्युत कम्पनी र मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड बीच मिति २०६८।०८।२२ मा भएको त्रिपक्षीय ऋण सम्झौता बमोजिम कर्मचारी सञ्चय कोषले मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माणको लागि रु.६,१४१,६५०,०००।- (अक्षरेपी छ अर्ब चौध करोड

सोह्र लाख पचास हजार रुपैयाँ मात्र) कर्जा लगानी गर्ने र उक्त ऋण सम्झौतामा संशोधन गर्न मिति २०७७।०४।१४ मा भएको पूरक ऋण सम्झौता बमोजिम उक्त कोषले थप दिर्घकालिन कर्जा बापत रु.२,७४,६९,९०,०००।- (दुई अर्ब चौहत्तर करोड उनान्सत्तरी लाख नब्बे हजार मात्र) गरी कुल रु.८,८८,८६,४०,०००।- (आठ अर्ब अठासी करोड छयासी लाख चालिस हजार मात्र) कर्जा लगानी गर्ने व्यवस्था गरिएको छ । उक्त कर्जा र सो को ब्याज तथा अन्य दैदस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा हाल रहेको र पछि सिर्जना हुने आयोजनाको चल अचल सम्पत्ति तथा चिलिमे जलविद्युत कम्पनीको नाममा रहेको रसुवा जिल्ला स्थित २२.१ मेगावाट क्षमताको चिलिमे जलविद्युत आयोजना कर्मचारी सञ्चयकोषको नाममा दृष्टिवन्धकको लिखत रजिष्ट्रेशन पारित गरिएको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** सम्पत्तिहरु परल मूल्यमा नै राखिएकोले पुर्नमूल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : लागु नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :** कम्पनीको मुख्य रणनीति नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेकोले नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने र सो आयोजनाहरुको निर्माण गरी उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशमा रहेको उर्जा संकटलाई केही हदसम्म कम गर्ने । कम्पनीद्धारा सञ्चय कोषसँग लिएको ऋणलाई आयोजना सम्पन्न भई पूर्ण रुपमा ब्यापारिक उत्पादन भए पश्चात सम्झौता बमोजिमको साँवाको किस्ता तथा ब्याज सहित बुझाउने छ । यस कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्य अनुरुप भावि योजना र रणनीतिमा सम्भाव्य जलविद्युत आयोजनाको पहिचान गरी अनुमतिपत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, सञ्चालन र ब्यवस्थापन गर्ने र ती आयोजनाहरुबाट उत्पादित विद्युत शक्ति बिक्री गर्ने । विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, सञ्चालन र ब्यवस्थापन गर्न अन्य कम्पनीसँग मिलि लगानी गर्ने वा नयाँ कम्पनी स्थापना गरी सो कार्य गर्ने योजना रहेको । उत्पादिन विद्युत शक्तिको बिक्री वितरणका निमित्त आवश्यकता अनुसार सवस्टेशन तथा प्रसारण लाइनहरु निर्माण गर्ने र राष्ट्रिय प्रसारण प्रणालीसँग जोडी बिक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने लक्ष्य रहेको ।

उत्पादित विद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एकमुष्ट बिक्री गर्ने वा प्रचलित कानुनको अधिनमा रही आफ्नै प्रसारण लाइन विकास गरी वा अन्य निकायको प्रसारण लाइन प्रयोग गरी विद्युत उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने योजना रहेको ।

प्रचलित कानुन बमोजिम स्वीकृति लिई उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने समेतको लक्ष्य रहेको छ । जलविद्युत आयोजनको पहिचान, सर्वेक्षण, निर्माण, सञ्चालन ब्यवस्थापनसँग र सहायक हुने अन्य आवश्यक काम गर्ने आदि ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको ब्यबसायको भविष्य:** कम्पनीबाट उत्पादित विद्युत बिक्री गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भईसकेको छ । मध्य भोटेकोशी जलबिद्युत कम्पनी लि.मा नेपाल बिद्युत प्राधिकरण र चिलिमे जलबिद्युत कम्पनी प्रमुख लगानीकर्ता रहेका छन् । दुवै संस्था जलबिद्युतको क्षेत्रमा प्राविधिक रुपले सक्षम रहेका छन् । यस प्रकारले यो कम्पनी अन्य जलबिद्युत कम्पनीसंग प्रतिस्पर्धामा जान सक्ने र प्रतिस्पर्धी रही लगानीकर्तालाई उचित प्रतिफल दिन सक्षम रहने कुरामा कम्पनी विश्वस्त रहेको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार एघार (११) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ५ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | ४ जना |
| स्वतन्त्र सञ्चालक | २ जना |
| **जम्मा** | **११ जना** |

सर्वसाधारणमा शेयर निष्कासन तथा बाँडफाँट पश्चात् सोही बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था रहेको छ । कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा एक सय (१००) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त ब्यवस्था लागु हुने छैन ।

**नोट :** संस्थापक समूह वाहेक अन्य समूहमा शेयर विक्री नभएसम्म संस्थापक शेयरधनी चिलिमे जलविद्युत कम्पनी लिमिटेडबाट चार (४) जना, नेपाल विद्युत प्राधिकरणबाट एक (१) जना, कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको तर्फबाट कर्मचारी सञ्चय कोषबाट मनोनित एक (१) जना, अन्य संस्थापकहरुले मनोनयन गरेको एक (१) जना र स्वतन्त्र सञ्चालक एक (१) जना समेत आठ (८) जना सञ्चालक समिति रहने छ । हाललाई स्वतन्त्र सञ्चालकको पद रिक्त रहेको ।

**ग.४. पुंजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पुँजी :** कम्पनीको अधिकृत पुँजी रु.६,२१०,०००,०००।-(अक्षरेपी ६ अर्व एक्काइस करोड रुपैंया) रहेकोछ । उक्त पुँजीलाई रु.१००।-का दरले ६२,१००,००० (छ करोड एक्काइस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजी :** कम्पनीको जारी पुँजी रु.६,०००,०००,०००।–(अक्षरेपी छ अर्व रुपैंया) रहेको छ । उक्त पुँजीलाई रु.१००।–का दरले ६०,०००,००० (छ करोड) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी :** कम्पनीले आफ्नो जारी पुँजी मध्ये रु.४,५००,०००,०००।–(अक्षरेपी चार अर्व पचास करोड मात्र) संस्थापक शेयरधनीहरु तथा कर्मचारी सञ्चयकोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारीहरु, संस्थापक संगठित संस्थाका कर्मचारीहरु र ऋणदाता संस्थाका कर्मचारीहरुबाट चुक्ता भईसकेको तथा बाँकी १,५००,०००,०००।–(अक्षरेपी एक अर्व पचास करोड मात्र) सार्वजनिक शेयर निष्कासनद्वारा स्थानिय बासिन्दा तथा सर्वसाधारणलाई जारी गर्नेछ। स्थानिय बासिन्दा तथा सर्वसाधारणका निमित्त छुट्टाइएको रु.१,५००,०००,०००।- (अक्षरेपी एक अर्व पचास करोड) रकम बराबरको रु.१००।– अंकित दरको १५,०००,००० कित्ता साधारण शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पुँजी रु.६,०००,०००,०००।– (अक्षरेपी छ अर्ब मात्र) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

| सि.नं. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) |
|---|---|---|---|---|
| १ | २०६७/२०६८ | १२०,०००,००० | ५०,०००,००० | ३५,०००,००० |
| २ | २०६८/२०६९ | ६,२१०,०००,००० | ६,०००,०००,००० | ६२,०१२,००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०६९/२०७० | ६,२१०,०००,००० | ६,०००,०००,००० | १६८,५३१,७०० |
| ४ | २०७०/२०७१ | ६,२१०,०००,००० | ६,०००,०००,००० | १,२१३,१३९,५०० |
| ५ | २०७१/२०७२ | ६,२१०,०००,००० | ६,०००,०००,००० | १,७६१,६३९,५०० |
| ६ | २०७२/२०७३ | ६,२१०,०००,००० | ६,०००,०००,००० | २,४३१,२३९,५०० |
| ७ | २०७३/२०७४ | ६,२१०,०००,००० | ६,०००,०००,००० | २,८७०,५००,००० |
| ८ | २०७४/२०७५ | ६,२१०,०००,००० | ६,०००,०००,००० | ३,०६०,०००,००० |
| ९ | २०७५/२०७६ | ६,२१०,०००,००० | ६,०००,०००,००० | ४,५००,०००,००० |
| १० | २०७६/२०७७ | ६,२१०,०००,००० | ६,०००,०००,००० | ४,५००,०००,००० |

**(ख) निष्कासन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिएको शेयर पुँजी मध्ये संस्थापक शेयरधनी तथा तपशिल बमोजिम अन्य समूहहरुमा धितोपत्र निष्कासन भई बाँडफाँट भए पश्चात कम्पनीको चुक्ता पुँजीको संरचना देहाय बमोजिम रहनेछ :

| क्र.सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | ३०,६००,००० | ३,०६०,०००,०००।– | ५१% | शतप्रतिशत |
| २. | **कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने संचयकर्ता कर्मचारी** (मिति २०६८/०८/२२ मा कायम रहेका र सो पश्चात् यो विवरणपत्र स्वीकृत भएको मितिभित्रमा कर्मचारी सञ्चय कोषमा सञ्चयकर्ताको रुपमा कायम रहेका) | ११,७००,००० | १,१७०,०००,०००।- | १९.५% | शतप्रतिशत |
| ३. | **संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु** (चिलिमे जलविद्युत कम्पनी लि., इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि., तथा सिन्धु भोटेकोशी हाइड्रोपावर लि.) | २,१००,००० | २१०,०००,०००।- | ३.५% | शतप्रतिशत |
| ४. | ऋणदाता संस्थाका कर्मचारीहरु | ६००,००० | ६०,०००,०००।- | १% | शतप्रतिशत |
| ५. | आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाहरु | ६,०००,००० | ६००,०००,०००।- | १०% | यस विवरणपत्र मार्फत शेयर निष्कासन पश्चात |
| ६. | सर्वसाधारण (कर्मचारीहरु समेत) | ९,०००,००० | ९००,०००,०००।- | १५% | यस विवरणपत्र मार्फत शेयर निष्कासन पश्चात |
| | **जम्मा** | **६०,०००,०००** | **६,०००,०००,०००।-** | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**ग.५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :** सबै संस्थापक संगठित संस्था भएको । संस्थापकको नाम ठेगाना र शेयर स्वामित्व देहाय बमोजिम रहेको छ ।

| सि.नं. | संस्थापक शेयरधनीहरु | ठेगाना | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|
| १. | चिलिमे जलविद्युत कम्पनी लि. | धुम्बाराही, काठमाण्डौं । | २२,२००,००० |
| २. | नेपाल विद्युत प्राधिकरण | रत्नपार्क, काठमाण्डौं । | ६,०००,००० |
| ३ | सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि. | कोटेश्वर, काठमाण्डौं । | ६००,००० |
| ४ | सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. | तिनकुने, काठमाण्डौं । | ६००,००० |
| ५ | नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि. | बालुवाटार, काठमाण्डौं । | ६००,००० |
| ६ | सिन्धु भोटेकोशी हाइड्रोपावर लि. | भोटेकोशी गा.पा. ५, चाकु, सिन्धुपाल्चोक । | ६००,००० |
| | | **जम्मा** | **३०,६००,०००** |

**सञ्चालकहरुको विवरण**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | जल विद्युत क्षेत्रको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री हरराज न्यौपाने<br>वडा नं. १८, भैंसेपाटी<br>ललितपुर ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | अध्यक्ष | ५५ | नेपाली | संस्थागत प्रतिनिधि भएकाले व्यक्तिगत शेयर स्वामित्व नभएको | EMBA, Post Graduation Diploma (Electrical Power System), BE (Electrical) | मिति २०४५ सालदेखि नेपाल विद्युत प्राधिकरणको विभिन्न कार्यालयहरुमा कार्यरत रही जल विद्युत क्षेत्रमा ३१ वर्षभन्दा बढीको अनुभव । हाल उपकार्यकारी निर्देशक (वितरण तथा ग्राहक सेवा निर्देशनालय) को रुपमा कार्यरत । | सो नभएको । |
| २. | श्री लेखनाथ कोइराला<br>का.म.न.पा. ३२, सिनामंगल, पेप्सीकोला, काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | सञ्चालक | ५६ | नेपाली | " " | C.A.<br>MBA | मिति २०४५ फाल्गुण २२ गतेदेखि नेपाल विद्युत प्राधिकरणको सेवामा प्रवेश गरी विद्युत उत्पादन, प्रसारण र वितरणका साथै वित्तीय ब्यवस्थापन र लेखा क्षेत्रमा ३१ वर्षभन्दा बढीको अनुभव । हाल ने.वि.प्रा.को | सो नभएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | उपकार्यकारी निर्देशक (अर्थ निर्देशनालय) को रुपमा कार्यरत । | |
| ३. | श्री ध्रुव भट्टराई<br>व्यास नगरपालिका - ११, तनहुँ ।<br>(प्रतिनिधि:कर्मचारी सञ्चय कोष) | सञ्चालक | ५२ | नेपाली | ″ ″ | एम.पि.ए.,<br>ईएमविए | मिति २०७२ जेष्ठ ९ गतेदेखि २०७२ फाल्गुन ३० गतेसम्म र २०७५ फाल्गुन २५ गतेदेखि हालसम्म कर्मचारी सञ्चय कोषबाट संस्थागत प्रतिनिधिको रुपमा मध्ये भोटेकोशी जलविद्युत कम्पनी लि.मा सञ्चालकको रुपमा आवद्ध । | २०५० मंसिरदेखि २०५७ वैशाखसम्म निक्षेप बीमा तथा कर्जा सुरक्षण कोषमा कार्यरतका सो पश्चात हालसम्म कर्मचारी सञ्चय कोषमा विभिन्न तहमा रही हाल मुख्य प्रवन्धकको रुपमा कार्यरत । |
| ४. | श्री तुलसी राम ढकाल<br>टोखा न.पा. वडा नं. ५,<br>काठमाण्डौं।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | सञ्चालक | ५३ | नेपाली | ″ ″ | B.A. (Economics) | मिति २०६८ साल चैत्र २८ गतेदेखि हालसम्म चिलिमे जलविद्युत कम्पनी लि. तथा मध्य भोटेकोशी जल विद्युत कम्पनी लिमिटेडमा सञ्चालक रहेको । | विगत ३० वर्षदेखि कुरियर एण्ड कार्गो क्षेत्रमा संलग्न रहेको ।<br>साथै विगत २० वर्षदेखि पुँजी बजारमा संलग्न । |
| ५. | श्री सुभाष कुमार मिश्र<br>बुढानिलकण्ठ न.पा. १०<br>काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | सञ्चालक | ५२ | नेपाली | ″ ″ | बी.ई.<br>एम.एस्सी. | मिति २०५१ चैत्रदेखि हालसम्म नेपाल विद्युत प्राधिकारणमा रही विद्युत क्षेत्रमा कार्यरत । मिति २०७६ माघदेखि नेपाल विद्युत प्राधिकरणबाट चिलिमे जल विद्युत कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा खटाइएको । | सो नभएको । |
| ६. | श्री श्रीराम राज पाण्डे<br>का.म.न.पा. वडा नं. १७,<br>धोबीचौर, क्षेत्रपाटी, काठमाण्डौं ।<br>(प्रतिनिधि : नेपाल विद्युत प्राधिकरण) | सञ्चालक | ५४ | नेपाली | ″ ″ | M.Sc.(Power System Engineering) | नेपाल विद्युत प्राधिकरण अन्तर्गत विभिन्न कार्यालय तथा आयोजनाहरुमा कार्यगत रही विगत २९ वर्षभन्दा बढीको अनुभव ।<br>हाल : नेपाल विद्युत प्राधिकरण अन्तर्गत बाग्मती प्रदेश प्रादेशिक कार्यालय प्रमुखको रुपमा कार्यरत । | सो नभएको । |
| ७ | श्री नरेश लाल श्रेष्ठ<br>का.म.न.पा. वडा नं. ३४,<br>भिमसेनगोला, पुरानो बानेश्वर, काठमाण्डौं ।<br>(प्रतिनिधि : सिन्धु इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.) | सञ्चालक | ५१ | नेपाली | ″ ″ | आई.कम. | भैरवकुण्ड हाइड्रोपावर लि.मा कार्यकारी निर्देशकको रुपमा पाँच (५) वर्षको अनुभव।<br>हाल : सिन्धु इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.को अध्यक्षको रुपमा कार्यरत । | विगत २७ (सत्ताइस) वर्षदेखि विभिन्न व्यापार व्यवसायमा संलग्न । |

**नोट :**संस्थापक समूह वाहेक अन्य समूहमा शेयर विक्री नभएसम्म संस्थापक शेयरधनी चिलिमे जलविद्युत कम्पनी लिमिटेडबाट चार (४) जना, नेपाल विद्युत प्राधिकरणबाट एक (१) जना, कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको तर्फबाट कर्मचारी सञ्चय कोषबाट मनोनित एक (१) जना, अन्य संस्थापकहरुले मनोनयन गरेको एक (१) जना र स्वतन्त्र सञ्चालक एक (१) जना समेत आठ (८) जना सञ्चालक समिति रहने छ । हाललाई स्वतन्त्र सञ्चालकको पद रिक्त रहेको ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| संस्थापकहरुको नाम तथा ठेगाना | सक्षिप्त विवरण | सञ्चालकहरुको नाम तथा ठेगाना |
|---|---|---|
| नेपाल विद्युत प्राधिकरण,<br>रत्नपार्क, काठमाण्डौ | नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम मिति २०४२ भाद्र १ अर्थात सन् १९८५ अगष्ट १६ मा विद्युत उत्पादन, प्रशारण र विक्री वितरणको व्यवस्थापन गर्ने उद्देश्यले सरकारी स्वामित्वमा नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो । यस संस्थाले काठमाण्डौं करदाता सेवा केन्द्र, बबरमहलबाट मिति २०५७/०३/०१ मा आयकर दर्ता प्रमाणपत्र (नं. ५०००५६४१३) प्राप्त गरेको छ। | श्री टोपबहादुर रायमाझी, माननीय मन्त्रि,उर्जा,जलश्रोत तथा सिंचाइ मन्त्रालय - अध्यक्ष<br>श्री दिनेश कुमार घिमिरे, सचिव, उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय - सञ्चालक<br>श्री राम शरण पुडासैनी, सचिव, (राजस्व), अर्थ मन्त्रालय - सञ्चालक<br>श्री विश्व प्रकाश गौतम, वाणिज्य, उद्योग तथा वित्तीय क्षेत्रबाट - सञ्चालक<br>श्री राजेन्द्र बहादुर क्षेत्री, उर्जा क्षेत्रबाट प्रतिनिधित्व- सञ्चालक<br>श्री भक्त बहादुर पुन, उपभोक्ता समूहबाट प्रतिनिधित्व - सञ्चालक<br>श्री कपिल आचार्य, उर्जा क्षेत्रबाट प्रतिनिधित्व - सञ्चालक<br>श्री हितेन्द्र देव शाक्य, कार्यकारी निर्देशक, ने.वि.प्राधिकरण - सदस्य सचिव |
| चिलिमे जलविद्युत कम्पनी लि.,<br>धुम्बाराही, काठमाण्डौ | नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत शेयर स्वामित्वमा नेपालमा रहेको जलश्रोतको उपयोग गरी विद्युत उत्पादन गर्ने उद्देश्यले मिति २०५२/०७/१४ (दर्ता नं. २५०) मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो । यस संस्थाले काठमाण्डौं करदाता सेवा केन्द्र, बबरमहलबाट मिति २०५७/०३/१५ मा आयकर दर्ता प्रमाणपत्र ( नं. ५०००५९८९८) प्राप्त गरेको छ । | श्री हितेन्द्र देव शाक्य, काठमाडौं - अध्यक्ष<br>श्री लेखनाथ कोइराला, काठमाडौं - सञ्चालक<br>श्री हरराज न्यौपाने, भैंसेपाटी, काठमाडौं - सञ्चालक<br>श्री मनोज सिलवाल, ज्ञानेश्वर, काठमाण्डौं - सञ्चालक<br>श्री माधव प्रसाद कोइराला, मिनभवन, काठमाडौं - सञ्चालक<br>श्री तुलसीराम ढकाल, टोखा, काठमाडौं - सञ्चालक<br>श्री शान्ति लक्ष्मी शाक्य, बिशालनगर, काठमाण्डौं - सञ्चालक<br>श्री राम प्रसाद रिमाल, गोंगबु, काठमाण्डौ - सञ्चालक<br>श्री भिम प्रसाद तिमल्सिना, कागेश्वरी मनोहरा, काठमाण्डौ - सञ्चालक<br>श्री जगत कुमार श्रेष्ठ, कलंकी, काठमाण्डौ - सञ्चालक<br>श्री सुमन प्रसाद शर्मा, चुनदेवी, महाराजगंज, काठमाण्डौ - सञ्चालक |
| सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि. | सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लिमिटेड मिति २०६५ साल श्रावण १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीले विभिन्न जलविद्युत उत्पादन कम्पनीहरुमा लगानी गर्नुका साथै सो को विकास गर्ने कार्य गर्न स्थापना भएको हो । | श्री माधव सापकोटा- अध्यक्ष<br>श्री गोविन्द पराजुली - प्रबन्धक सञ्चालक<br>श्री भिम प्रसाद पराजुली - सञ्चालक<br>श्री घ्याल्साङ्ग शेर्पा - सञ्चालक<br>श्री अर्जुन सापकोटा - सञ्चालक<br>श्री हिरालाल तामांग- सञ्चालक<br>श्री रेवती प्रसाद नेपाल - सञ्चालक<br>श्री महेन्द्र प्रसाद घोरासैनी -सञ्चालक<br>श्री धनन्जय शर्मा रमेश- सञ्चालक |
| सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. | सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लिमिटेड मिति | श्री नरेश लाल श्रेष्ठ - अध्यक्ष |

| | | |
|---|---|---|
| | २०६४ साल श्रावण ३१ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीले विद्युत उत्पादन तथा बिक्री गर्ने, विद्युत ऊर्जा खरिद गरी वितरण गर्ने, विद्युत उत्पादनमा लगानी गर्ने र शिक्षा, कृषि, स्वास्थ्य, सञ्चालन तथा वित्तीय कम्पनीहरुमा लगानी गर्ने उदेश्यले स्थापना भएको हो । | श्री शम्भु विक्रम थापा - प्रबन्धक सञ्चालक<br>श्री गोपाल खनाल - सञ्चालक<br>श्री अनुप श्रेष्ठ - सञ्चालक<br>श्री कमल प्रसाद दाहाल - सञ्चालक<br>श्री मुके शेर्पा - सञ्चालक<br>श्री रामनाथ मैनाली - सञ्चालक<br>श्री निमा लामा - सञ्चालक<br>श्री दिनेश पौड्याल - सञ्चालक<br>श्री रुपक धिताल - सञ्चालक<br>श्री शंकर गुरुङ - सञ्चालक |
| नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि. | यस कम्पनी मिति २०६४ बैशाख २० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि को रुपमा दर्ता भएको र मिति २०७५।०१।२० मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको छ । यस कम्पनीले विभिन्न जलविद्युत परियोजनाका क्षेत्रहरुमा लगानी गर्ने उदेश्यले स्थापना भएको हो । | श्री सुभाष कर्माचार्य - अध्यक्ष<br>श्री अरुण प्रसाद नेपाल - सञ्चालक<br>श्री केदार खत्री क्षेत्री - सञ्चालक<br>श्री कमल प्रसाद नेपाल - सञ्चालक<br>श्री निम्फुन्जो शेर्पा - सञ्चालक<br>श्री ध्रुव राज कर्माचार्य - सञ्चालक<br>श्री लाक्पा शेर्पा - सञ्चालक<br>श्री फुल्मु शेर्पा - सञ्चालक<br>श्री सोनाम शेर्पा - सञ्चालक |
| सिन्धु भोटेकोशी हाइड्रोपावर लि. | सिन्धु भोटेकोशी हाइड्रोपावर लिमिटेड मिति २०७४ साल भाद्र १६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस कम्पनी विभिन्न जलविद्युत उत्पादन, वितरण तथा विद्युत उत्पादनमा लगानी गर्ने उदेश्यले स्थापना भएको हो । | श्री गणेश श्रेष्ठ - अध्यक्ष<br>श्री संजीव कुमार श्रेष्ठ - सञ्चालक<br>श्री कर्ण बहादुर श्रेष्ठ - सञ्चालक<br>श्री सिद्धि बहादुर श्रेष्ठ - सञ्चालक<br>श्री तीर्थ बहादुर श्रेष्ठ - सञ्चालक<br>श्री गोपाल बस्नेत - सञ्चालक<br>श्री गणेश बहादुर तामाङ्ग - सञ्चालक<br>श्री बेल बहादुर रोक्का - सञ्चालक<br>श्री छिरिङ्ग तामाङ्ग - सञ्चालक |

**(ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं | सञ्चालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री हरराज न्यौपाने<br>वडा नं. १८, भैंसेपाटी, ललितपुर ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | उपकार्यकारी निर्देशक (वितरण तथा ग्राहक सेवा निर्देशनालय), नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाण्डौ ।<br>सञ्चालकः : चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाण्डौं । |
| २. | श्री लेखनाथ कोइराला<br>का.म.न.पा. ३२, सिनामंगल, पेप्सीकोला, काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | उपकार्यकारी निर्देशक (अर्थ निर्देशनालय), नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाण्डौ ।<br>सञ्चालकः : चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाण्डौं । |
| ३. | श्री ध्रुव भट्टराई<br>व्यास नगरपालिका - ११, तनहुँ ।<br>(प्रतिनिधि:कर्मचारी सञ्चय कोष) | मुख्य प्रबन्धक - कर्मचारी सञ्चय कोष । |
| ४ | श्री तुलसी राम ढकाल<br>टोखा न.पा. वडा नं. ५, काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | संचालक-चिलिमे जलविद्युत कम्पनी लि, धुम्बाराही, काठमाण्डौं । |
| ५. | श्री सुभाष कुमार मिश्र<br>बुढानिलकण्ठ न.पा. १०<br>काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | अध्यक्ष - Chimile Engineering & Services Company Ltd.<br>सञ्चालक - रसुवागढी जलविद्युत कम्पनी लि.<br>सञ्चालक - सान्जेन जलविद्युत कम्पनी लि.<br>प्रमुख कार्यकारी अधिकृत - चिलिमे जलविद्युत कम्पनी लि.। |
| ६. | श्री श्रीराम राज पाण्डे<br>का.म.न.पा. वडा नं. १७, धोबिचौर, क्षेत्रपाटी, काठमाण्डौं ।<br>(प्रतिनिधि : नेपाल विद्युत प्राधिकरण) | बाग्मती प्रदेश प्रादेशिक कार्यालय प्रमुख - नेपाल विद्युत प्राधिकरण । |
| ७. | श्री नरेश लाल श्रेष्ठ<br>का.म.न.पा.वडा नं. ३४, भिमसेनगोला, पुरानो बानेश्वर,काठमाण्डौं।<br>(प्रतिनिधि : सिन्धु इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.) | अध्यक्ष - स्वर्णिम बुटिक होटेल प्रा.लि.<br>संचालक - नेपाल क्यान्सर हस्पिटल लि.<br>संचालक - संचार रेमिट ।<br>कार्यकारी सदस्य - Federation of Nepalese Chamber of Commerce & Industries (FNCCI) |

माथि उल्लेखित सञ्चालकहरुले सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को सम्पूर्ण व्यवस्थाहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) बमोजिमको व्यवस्थाहरु पालना गरिएको छ । साथै कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) को सम्बन्धमा "कम्पनी ऐन, २०६३ को अधिनमा रही सञ्चालकलाई मनोनयन गरी पठाएको हुँदा नेपाल विद्युत प्राधिकरण र चिलिमे जलविद्युत कम्पनीबाट मनोनयन भई आएका सञ्चालकहरु संस्थागत प्रतिनिधि भएको कारणले कम्पनी ऐन, २०६३ अन्तर्गत दफा ८९ (१) (छ) को व्यवस्था आकृष्ट नहुने अवस्था रहेको छ ।"

**<u>नोट :</u>** यस कम्पनीको नियमावलीको बमोजिम नेपाल विद्युत प्राधिकरणको तर्फबाट मनोनयन गरिएका संचालक श्री ब्रज भूषण चौधरी मिति २०७३ कार्तिक १८ गतेदेखि मिति २०७७ कार्तिक ६ गतेसम्म संचालकको रुपमा रहनु भएको । निज प्राधिकरणबाट मिति २०७७ कार्तिक ६ गते सेवा निवृत हुनु भएका कारण यस कम्पनीको संचालकको रुपमा समेत स्वतः नरहनु भएकोले उक्त रिक्त स्थानमा संचालक मनोनयन गरी पठाई दिन यस कम्पनीको मिति २०७७।०८।२२ को पत्रबाट नेपाल विद्युत प्राधिकरणमा अनुरोध गरिसकिएको ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको स्वीकृती लिनु पर्नेछ । स्वीकृती बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूहका लगानीकर्ताहरुलाई सर्वसाधारणलाई निष्कासन गरेको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।

**ग.५.ख.संस्थापक/सञ्चालकसँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री राम गोपाल शिवाकोटी | प्रमुख कार्यकारी अधिकृत | B.E. Mechanical Engineering, Msc. Renewable Energy | २०७७।१२।०९ | नेपाल विद्युत प्राधिकरणमा रही विद्युत व्यवसाय/जलविद्युत क्षेत्रमा बत्तिस (३२) वर्षभन्दा बढीको कार्यानुभव ।<br>नेपाल विद्युत प्राधिकरणबाट निर्देशकको पदबाट अवकाश प्राप्त ।<br>हाल मिति २०७७/१२/०९ गते देखि मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. को प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत | छैन |
| २. | श्री विजय लाल श्रेष्ठ | प्राविधिक प्रवन्धक | Masters in Hydropower Engineering | २०६८।०४।०१ | नेपाल विद्युत प्राधिकरण लगायत जलविद्युत विकासको क्षेत्रमा २६ वर्ष भन्दा कार्य अनुभव ।<br>(सो मध्ये केही मुख्य कार्यानुभवहरु:<br>नेपाल विद्युत प्राधिकरण अन्तर्गतको पुवाखोला जलविद्युत आयोजनाको Detailed Engineering र माथिल्लो मोदी जलविद्युत आयोजनाको Feasibility Design कार्यमा ७.५ वर्षको अनुभव;<br>चिलिमे जलविद्युत आयोजनाको Detailed Design and Construction Supervision कार्यमा ४.५ वर्षको अनुभव; सान्जेन जलविद्युत आयोजनामा Feasibility Stage को Design मा १ बर्षको अनुभव; माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको Detailed Design एवं ७६० मि. लामो ७ मि.x ७ मि. को Access Tunnel को निर्माणमा ३ वर्ष ४ महिनाको अनुभव; मध्य भोटेकोशी जलविद्युत आयोजनाको Desk Study,Feasibility Study एवं Detailed Engineering कार्यदेखि हालसम्म बिगत ९ वर्षदेखि आबद्ध ।)<br>साथै अन्य विभिन्न IPP (अपर चाकु जलविद्युत आयोजना (२२ मे.वा.), पाटी खोला जलविद्युत आयोजना (१ मे.वा.), मैलुंग खोला जलविद्युत आयोजना (६ मे.वा.), चाकु जलविद्युत आयोजना एवं गुल्मी जिल्लाका लघु जलविद्युत आयोजना आदि) हरुको Design कार्यमा करिब ३ बर्षको अनुभव । | छैन |
| ३. | श्री सूर्यनाथ भुर्त्याल | नि. आयोजना प्रमुख | Masters in Water Resources Engineering BE (Civil Engineering) | २०७४।०६।३० | मध्य मर्स्याङदी जलविद्युत आयोजना (७० मे.वा.) निर्माणको क्रममा विदेशी परामर्शदातामा ईन्जिनियरको रुपमा निर्माण सुपरिवेक्षणमा सात वर्ष (२०६१-२०६८) को अनुभव, बुढी गण्डकी (६०० मे.वा.) र दुधकोशी (३०० मे.वा.) जलाशययुक्त आयोजनामा चार वर्ष (२०६९-२०७२) को अनुभव, माथिल्लो त्रिशुली ३-ए जलविद्युत आयोजना (६० मे.वा.) मा कन्ट्रयाक्ट शाखा प्रमुख भई १८ महिनाको कार्यानुभव, मध्य भोटेकोशी जलविद्युत आयोजनामा विगत ३.५ वर्षदेखि कार्यरत समेत गरी नेपाल विद्युत प्राधिकरणमा रही जलविद्युत विकासको क्षेत्रमा कुल १७ वर्षभन्दा बढीको कार्य अनुभव ।<br>हाल मिति २०७७/०८/२३ गतेदेखि मध्य भोटेकोशी जलविद्युत आयोजनाको नि. आयोजना प्रमुखको रुपमा कार्यरत । | |
| ४. | श्री राम प्रसाद सिलवाल | योजना तथा करार प्रशासन महाशाखा प्रमुख | M.Sc. (Transportation and Road Engineering for Development - TREND) | २०६९।०९।१७ | पृथ्वी राजमार्ग पुनर्निमाण आयोजनामा साइट इन्जिनियरको रुपमा मध्य भोटेकोशी जलविद्युत आयोजनावर्षको अनुभव;<br>सडक विभाग अन्तर्गत SMDP (Singhadurbar Strengthened Maintenance Division Project) मा Resident Engineer को रुपमा १ बर्षको अनुभव; Rural Access Program (RAP)मा District Team Leader/ Project Manager को रुपमा ४.५ वर्षको अनुभव;Rural Reconstruction & Rehabilitation Section Development Program (RRRSDP) मा Rural Infrastructure Engineer को रुपमा ३ वर्षको अनुभव; अपर तामाकोशी जलविद्युत आयोजनासँग सम्बन्धित कार्यमा इन्जिनियर (Expert) को रुपमा ६ महिनाको अनुभव;मध्य भोटेकोशी जलविद्युत कम्पनीमा बिगत ७ वर्ष देखि शोजना तथा करार प्रशासन महाशाखा प्रमुखको रुपमा कार्यरत । | छैन |
| ५. | भरत शमसेर भट्टराई | कम्पनी सचिव/ | Master of Business Administration (MBA) | २०७६।०९।०३ | नेपाल विद्युत प्राधिकरणमा रही जलविद्युत क्षेत्रको वित्तीय व्यवस्थापनमा करिब २२ वर्षसमेत गरी कूल जम्मा २६ वर्षको | २५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वित्त महाशाखा प्रमुख | | | कार्यानुभव । हाल: नेपाल विद्युत प्रधिकराबाट यस कम्पनीमा वित्त प्रमुख/कम्पनी सचिवको रुपमा मिति २०७६।०९।०३ देखि आवद्ध। | |

*नोट : उपरोक्त बमोजिमका कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी नरहेको ।*

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :**

१. कम्पनी सचिव तथा बित्त प्रमुख श्री भरत शमसेर भट्टराई नेपाल विद्युत प्राधिकरण बाट मिति २०७६।०९।०३ गतेबाट काजमा आई कार्य सम्हाल्नु भएको हो।

२. कम्पनीको संचालक समितिको मिति २०७७।०८।१७ गतेको बैठकबाट प्रमुख कार्यकारी अधिकृत श्री मणि कुमार काफ्लेको मिति २०७७।०८।२१ गतेदेखि लागू हुने गरी निजको करार सेवा अन्त्य भई चिलिमे जलविद्युत कम्पनी लि. का प्रमुख कार्यकारी अधिकृत तथा यस कम्पनीका संचालक सदस्यको रुपमा कार्यरत रहनु भएका सुभाष कुमार मिश्रलाई मिति २०७७।०८।१७ गते देखि लागू हुने गरी यस कम्पनीसमेतमा प्रमुख कार्यकारी अधिकृतको कार्य गर्ने गरी अतिरिक्त जिम्मेवारी दिइएकोमा संचालक समितिको मिति २०७७।११।२० गतेको बैठकको निर्णयानुसार मिति २०७७।१२।०९ गते देखि लागू हुने गरी प्रमुख कार्यकारी अधिकृतको रुपमा श्री राम गोपाल शिवाकोटीलाई नियुक्ति गरिएको छ ।

३. कम्पनीको संचालक समितिको मिति २०७७।०८।२९ गतेको बैठकबाट आयोजना प्रमुख डा.श्री सुनिल कुमार लामाको मिति २०७७।१०।०१ गतेदेखि लागू हुने गरी निजको करार सेवा अन्त्य भएको । साथै, कम्पनी व्यवस्थापनको मिति २०७७।०८।२१ को निर्णयानुसार मिति २०७७।०८।२३ गते देखि लागू हुने गरी निर्माण महाशाखा प्रमुख श्री सूर्यनाथ भुर्त्याललाई आयोजना प्रमुख समेतको जिम्मेवारी बहन गर्ने गरी निमित्त आयोजना प्रमुख तोकिएको छ ।

(ग) **कर्मचारीको संख्या :** कम्पनी तथा निर्माणाधीन मध्ये भोटेकोशी जलविद्युत आयोजनामा हाल तपसिल बमोजिम जम्मा १५१ जना कर्मचारीहरु रहेका छन् ।

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| ३ | १४८ | – | – | – | १५१ |

**ग.७.ख.सञ्चालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :** कम्पनीको नियमावलीमा सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा सुविधा साधारण सभाले तोके बमोजिम हुने व्यवस्था रहेको । आ.ब.२०७५।०७६ मा कम्पनीका सञ्चालक तथा उच्च पदाधिकारीहरुले निम्नानुसार प्रति ब्यक्ति प्रति बैठक भत्ता तथा सुविधा प्राप्त गर्नु भएको थियो :

| | | | |
|---|---|---|---|
| १. | सञ्चालक समितिका सदस्य लगायत आमन्त्रित सबै | - | रु. ५,०००।- |
| २. | सञ्चालकहरुलाई यातायात तथा सञ्चार सुविधा (मासिक) | - | रु. २,५००।- |
| ३. | सञ्चालक समितिले गठन गरेको समिति | - | रु. ३,०००।- |
| ४. | कार्यकारी प्रमुखले गठन गरेको उप-समितिको | - | रु. १,५००।- |

**(ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि. नं. | कर्मचारीको नाम | पद | एक बर्षभित्र अर्थात् २०७६ श्रावणदेखि २०७७ आषाढ सम्ममा भुक्तानी गरेको पारिश्रमिक (रु.) |
|---|---|---|---|
| १. | श्री मणि कुमार काफ्ले* | प्रमुख कार्यकारी अधिकृत | २६,१४,२८०।८० |
| २. | श्री विजय लाल श्रेष्ठ | प्राविधिक प्रवन्धक | २१,३४,७८८।०० |
| ३. | डा.श्री सुनिल कुमार लामा** | आयोजना प्रमुख | २१,५६,८५०।६७ |
| ४. | श्री सूर्य नाथ भुर्त्याल | निर्माण प्रवन्धक | १७,१७,३५३।२३ |
| ५. | श्री राम प्रसाद सिलवाल | योजना तथा करार प्रशासन महाशाखा प्रमुख | १४,८९,६४१।०० |

**नोट :** **कम्पनीको संचालक समितिको मिति २०७७।०८।१७ गतेको बैठकबाट प्रमुख कार्यकारी अधिकृत श्री मणि कुमार काफ्लेको मिति २०७७।०८।२१ गतेदेखि लागू हुने गरी निजको करार सेवा अन्त्य भएको ।*

*** कम्पनीको संचालक समितिको मिति २०७७।०८।२९ गतेको बैठकबाट आयोजना प्रमुख डा.श्री सुनिल कुमार लामाको मिति २०७७।१०।०१ गतेदेखि लागू हुने गरी निजको करार सेवा अन्त्य भएको ।*

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**ग.८.अर्न्तनिहित जोखिम तथा सो मा ब्यवस्थापनको लागी ब्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा ब्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- ➢ आयोजना निर्माण चरणमा नै भएकोले निर्माण लागत बढ्न भई हुने वित्तीय जोखिम रहेको ।
- ➢ आयोजना लागत बढ्न भएमा कम्पनीले थप वित्तीय श्रोतको ब्यवस्था गर्नु पर्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- ➢ जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने सम्भावना भएको भए तापनि लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा पानीको वहाव तय भएको हुँदा उल्लेखित जोखिमको सम्भावना न्यून रहेको ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- ➢ यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने ।
- ➢ नेपाल विद्युत प्रधिकरण पूर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।
- ➢ हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि **(cost overrun)** को जोखिम : यस आयोजना मिति २०७७/११/१६ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा कोभिड-१९ को महामारीका कारण करिब १ (एक) बर्ष निर्माण कार्य हुन नसकेको तथा मिति २०७७।०३।२४ गते राती भोटेकोशी नदी र आसपासका विभिन्न खोल्सा खोल्सीमा आएको बाढीका कारण आयोजनाको Electromechanical Equipment भण्डारण गरिरहेको Store मा क्षति पुगेकोले लक्षित समयमा आयोजना सम्पन्न गर्न नसकिने देखिई हाललाई मिति 30th June 2021 (२०७८।०३।१६) सम्म आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य साथ कार्य भइरहेको भएता पनि हाल आयोजना निर्माणाधिन अवस्थामा रहेको र कुनै कारणवंश पूर्वाधार निर्माणमा ढिलाई हुन गएमा आयोजना निर्माण अवधि तथा लागतमा केहि बृद्धि हुन सक्ने जोखिम रहेको । सो को कारण वैदेशिक मुद्रा बिनिमय दर तथा बजार मूल्यमा हुने परिवर्तनले आयोजना लागत केही बृद्धि हुने भएता पनि निर्माणाधीन आयोजनाको Estimated cost को तुलनामा Contract cost कम रहेकोले मूल्य अभिबृद्धिमा सामान्य प्रभाव पर्ने अनुमान गरिएको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** आयोजनाको अनुमानित लागत तयार पारिएको समयभन्दा हाल विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन भएको कारणबाट आयोजनाको निर्माण लागत केहि बढ्ने देखिएको । सोही कारणले गर्दा आयोजनाको लट नं. २ अन्तर्गतको इलेक्ट्रोमेकानिकल कार्यको अनुमानित लागत ४.७४ प्रतिशतले बढेको छ ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखीम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तरराष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयरको मूल्यमा असर पर्न सक्ने । कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता, ऋण दिने संस्थाका कर्मचारीहरु, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुलाई निष्कासन गर्न लागिएको प्रस्तावित शेयर वितरण पछि सर्वसाधारणको लागि निष्काशन गरिने शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पुरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न नपाइने व्यवस्था रहेकोले सो तीन वर्षको लक इन समय (Lock in Period) अगावै आयोजना सम्पन्न हुने हुँदा हालको शेयर बजारमा प्रत्यक्ष रुपमा तत्काललाई कम असर पर्न जाने ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा यस्ता जोखीम रहने ।

**(झ) संचालन इतिहासको अभाव :** संस्थापक संगठित संस्थाहरु विगत लामो समयदेखि यस प्रकारका आयोजना निर्माण तथा विद्युत उत्पादनमा संलग्न हुँदै आईरहेकोले संचालन ईतिहासको अभाव नहुने ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने उर्जाबाट वातावरणीय हानी कम हुने र यसको लागत अन्य उर्जाको भन्दा तुलनात्मक रुपमा कम हुने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत आयोजनाभन्दा पानीबाट उत्पादन हुने विद्युत आयोजनाहरुको जोखीम कम रहेको छ । तथापि भविष्यमा उच्च प्रविधिको विकास भई अन्य श्रोतबाट सस्तो दरमा विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखीम रहेको ।

**(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : यस आयोजना मिति २०७७/११/१६ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा कोभिड-१९ को महामारीका कारण करिब १ (एक) बर्ष निर्माण कार्य हुन नसकेको तथा मिति २०७७।०३।२४ गते राती भोटेकोशी नदी र आसपासका विभिन्न खोल्सा खोल्सीमा आएको बाढीका कारण आयोजनाको Electromechanical Equipment भण्डारण गरिरहेको Store मा क्षति पुगेकोले लक्षित समयमा आयोजना सम्पन्न गर्न नसकिने देखिई हाललाई मिति 30th June 2021 (२०७८।०३।१६) सम्म आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य साथ कार्य भइरहेको भएता पनि हाल आयोजना निर्माणाधिन अवस्थामा रहेको र कुनै कारणवश पूर्वाधार निर्माणमा ढिलाई हुन गएमा आयोजना निर्माण अवधि तथा लागतमा केहि बृद्धि हुन सक्ने जोखिम रहेको ।

**(ठ) अन्य :**

- दैवी प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भइ आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै उत्पादन घट्न सक्ने ।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी, पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको ।
- जलवायु परिर्वतनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ :**
नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ; जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदि । यसमध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यबस्थापनको रहेको छ । सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका वीमाहरु सम्वन्धी विवरण तपशिल बमोजिम रहेका छन् ।

क) आयोजनाको लट नं. १: सिभिल तथा हाईड्रो मेकानिकल निर्माणको श्री सगरमाथा इन्सुरेन्स लि. बाट Contract Value (ने.रु.२,५७९,४०७,९७८।- र अमेरीकन डलर ६२,०९१,६७४।१४) बराबरको बीमा गरिएको ।

| सि.नं. | विवरण | रकम | | कैफियत |
|---|---|---|---|---|
| १ | Contract Value | नेपाली रुपैयाँ | रु. २,५७९,४०७,९७८।०० | |
| | | अमेरिकी डलर | $६२,०९१,६७४।१४ | ने. रु.६,७६७,९९२,४८१.२६ बराबर ($१=रु. १०९) |
| | **कुल Contract Value (नेपाली रुपैयाँमा)** | | **रु. ९,३४७,४००,४५९।२६** | |
| २ | बिमा गरिएको | Personnel Insurance Policy | रु. ५५९,०००,०००।०० | बीमा मिति जुन १६, २०२० बाट लागू भई मिति जुन १५, २०२१ सम्म बैध रहेको । |
| | | Contractor's All Risk | रु.९,०२०,२२८,९५४।४५ | |

| | | | | |
|---|---|---|---|---|
| | | (CAR) Insurance Policy | | |
| | | Equipment Insurance | रु.१२९,२७६,६६७।५३ | |
| | **कुल बिमा गरिएको रकम नेपाली रुपैयाँमा** | | **रु. ९,७०८,५०५,६२१।९८** | |

बिमाले बहन गर्ने जोखिम सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

| **Cover No. 1** | **Group Personal Accidental (GPA) Insurance Policy** |
|---|---|
| Policy Number | KTM/19/20/GPA00152 |
| Covers | Employees of the Employer, Contractor and the Consultant. |
| Total Insured Amount | NPR 559,000,000/- |
| **Cover No. 2** | **Contractor's All Risk (CAR) Insurance Policy** |
| Policy No. | KTM/19/20/CAR12/00042 |
| Covers | The permanent and temporary works forming part of the Contract and all materials and other things to be incorporated in into the said works. |
| Total Insured Amount | NPR 9,020,228,954.45 |
| **Cover No. 3** | **Contractor's Plant & Machinery (CPM) Insurance Policy** |
| Policy No. | KTM/19/20/CPM00039 |
| Covers | Construction equipment of the Contractor. |
| Total Insured Amount | NPR 129,276,667.53 |

ख) आयोजनाको लट नं. २: ईलेक्ट्रोमेकानिकल निर्माणको श्री प्रिमियर इन्सुरेन्स कम्पनी (नेपाल) लि. बाट Contract Value (ने.रु.४०७,०४४,४१७८७ र अमेरीकन डलर २०,४६१,२५३।६७) बराबरको बीमा गरिएको ।

| **सि.नं.** | **विवरण** | **रकम** | | **कैफियत** |
|---|---|---|---|---|
| १ | Contract Value | नेपाली रुपैयाँ | रु.४०७,०४४,४१७८७ | |
| | | अमेरिकी डलर | $२०,४६१,२५३।६७ | ने. रु.२,११४,२६१,३४१।७२ बराबर ($१=रु. १०३।३३) |
| | **कुल Contract Value (नेपाली रुपैयाँमा)** | | रु.२,५२१,३०५,७५९।५९ | |
| २ | बिमा गरिएको | Erection All Risk (EAR) Policy | रु.२,८०१,०९१,५१९।८७ | यस लट अन्तर्गतको बीमा डिसेम्बर ३१, २०२० सम्म बैध रहेको । सो बीमाको वैधता थप गर्ने प्रकृया अगाडि बढाइएको । |
| | **कुल बिमा गरिएको रकम अमेरिकी डलरमा** | | रु.२,८०१,०९१,५१९।८७ | |

बिमाले बहन गर्ने जोखिम सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

| **Insurance type :** | **Erection All Risks (EAR) Policy** |
|---|---|
| **Covers** | a) Erection works with 10 % escalation,<br>b) Freight, Custom Duties and Dues, Cost of erection,<br>c) Civil engineering works, and<br>d) Clearance of Debris. |
| Policy Number | 01051114-1500206 |
| Total Insured Amount | NPR 2,801,091,519.87 |

भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपबाट हुन सक्ने नोक्सानीलाई न्यूनीकरण गर्न हाल आयोजना निर्माणाधीन अवस्थामा सम्बन्धित संरचनाहरुको निर्माणमा संलग्न ठेकेदारहरु मार्फत बिमा गरिएको र आयोजना निर्माण कार्य सम्पन्न भएपछि कम्पनीद्वारा बिमा गरिने प्रावधान रहेको छ ।

ग) आयोजनाको परामर्शदाता संस्था श्री Tractebel Engineering GmbH, Germany ले आयोजना निर्माणको सुपरिवेक्षण गर्ने कार्यको जिम्मा लिइ फ्रान्सेली बिमा कम्पनी श्री AXA Corporate Solutions Assurance संग USD 8.05 Million बराबरको मिति जून ३०, २०२१ सम्म म्याद रहेको Liability Insurance गरेको छ ।

**<u>धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :</u>**

रु.१००/–प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

(**क**) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण:** यस कम्पनीको लेखापरीक्षण भएको आ.ब.०७६/७७ को अपरिष्कृत वित्तीय विवरण अनुसारको वासलात, नाफा–नोक्सान हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७)**

*(रु.हजार)*

| **पूँजी र दायित्व** | **रकम** |
|---|---|
| **पूँजी र दायित्व** | |
| शेयर पुँजी | ४५,००,००० |
| जगेडा कोष र संचित नाफा | (२,५२,५२७) |
| **जम्मा पूँजी** | **४२,४७,४७३** |
| **गैर चालू दायित्व** | |
| दिर्घकालीन ऋण | ५०,०९,६४८ |

| | |
|---|---|
| व्यवस्थाहरु | २,३५८ |
| **चालु दायित्व** | |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | २,३१,३७५ |
| **जम्मा दायित्व** | **५२,४३,३८०** |
| **जम्मा पूँजी तथा दायित्व** | **९४,९०,८५४** |
| **गैर चालू सम्पत्ति** | |
| खुद स्थिर सम्पत्ति | ४,८८,१८९ |
| चालू पूँजीगत कार्य | - |
| क्रियाशिल पूँजी | ७६,९८,५४० |
| **जम्मा गैर चालु सम्पत्ति** | **८१,८६,७२** |
| **चालू सम्पत्ति** | |
| लगानी | २,५०,००० |
| मौज्दात | २३८ |
| अग्रीम भुक्तानी | ८०३ |
| सापटी, निक्षेप तथा अन्य सम्पत्ति | ९,१७,८४८ |
| नगद र नगद बराबर | १,३५,२३६ |
| **जम्मा चालू सम्पति** | **१३,०४,१२५** |
| **खुद सम्पति** | **९४,९०,८५४** |

**आय विवरण (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७)**

*(रु.हजारमा)*

| विवरण | रकम |
|---|---|
| **आम्दानी** | |
| विद्युत विक्रीबाट आम्दानी | – |
| **खर्चहरु** | |
| प्रशासनिक तथा अन्य सञ्चालन खर्च | २९,४१६ |
| ह्रास | ९१२ |
| **सञ्चालन नाफा/नोक्सान** | **(३०,३२८)** |
| वित्तीय आम्दानी | – |
| अन्य आम्दानी | २११ |
| वित्तीय शुल्क | (२४,९१४) |
| आयकर अघिको नाफा/नोक्सान | **(५५,०३१)** |
| घटाउने : कर | |
| **खुद नाफा/(नोक्सान)** | **(५५,०३१)** |

**नगद प्रवाह विवरण (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७)**

*(रु.हजारमा)*

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| **क.** | **संचालन गतिविधिबाट खुद नगद प्रवाह:** | |
| १. | आयकर अगाडिको खुद नाफा/नोक्सानी | **(५५,०३१)** |
| | **समायोजन** | |
| | १. ह्रास कट्टी | ९,४५० |
| | २.लगानी तथा बैंक मैजदातबाट आम्दानी | – |
| | ३.वित्तीय शुल्क | २४,९१४ |
| | ४.गत वर्षको शेयर निष्काशन खर्च | – |
| | **कार्यशील पूँजीमा भएको परिवर्तन** | |
| | १. मौजदात भएको कमी र (वृद्धि) | १३६ |
| | २. अग्रिम भुक्तानीमा भएको कमी र (वृद्धि) | (२६८) |
| | ३ सापटी, निक्षेप तथा अन्य पाउनुपर्ने विलमा कमी र (वृद्धि) | (३६,१७३) |
| | ४.व्यवस्थाहरुमा कमी र (वृद्धि) | ६४८ |
| | ५. व्यापारीक तथा अन्य भुक्तानी गर्नुपर्ने रकममा कमी र (वृद्धि) | ६४,६३१ |
| | ६. आयकर | – |
| | **जम्मा समायोजन** | **६३,३३७** |
| | **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **८,३०६** |
| **ख.** | **लगानी गतिबिधिको नगद प्रवाह:** | |
| | १. सम्पत्ति, प्लान्ट तथा उपकरणमा (वृद्धि) | (१,२०९) |

| | | |
|---|---|---|
| | २. क्रियाशिल पूँजीमा (वृद्धि) | (१९,८१,०९२) |
| | ३.लगानीमा कमी र (वृद्धि) | ९,२०,००० |
| | ४.लगानी तथा बैंक मौज्दाताबाट आम्दानी | - |
| | **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **(१०,६२,३०१)** |
| **ग.** | **वित्तीय गतिविधिको नगद प्रवाहः** | |
| | १. पूँजीमा कमी र (वृद्धि) | - |
| | २. दिर्घकालीन ऋणमा कमी र (वृद्धि) | ११,१४,३४१ |
| | **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **११,१४,३४१** |
| | **नगदमा भएको कुल वृद्धि / कमी ( क+ख+ग)** | **६०,३४६** |
| | **वर्षारम्भमा नगद तथा वैंक मौज्दात** | **७४,८९०** |
| | **असार मसान्त सम्मको नगद तथा वैंक मौज्दात** | **१,३५,२३६** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

**वासलात (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७७)**

*(रु.हजारमा)*

| पूँजी र दायित्व | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | आ.व. २०७६।०७७ |
|---|---|---|---|---|
| **पूँजी र दायित्व** | | | | |
| शेयर पुँजी | २८,७०,५०० | ३०,६०,००० | ४५,००,००० | ४५,००,००० |
| जगेडा कोष र संचित नाफा | (१,११,८९७) | (१,२७,८५३) | (१,९७,४९५) | (२,५२,५२७) |
| **जम्मा पूँजी** | **२७,५८,६०३** | **२९,३२,१४७** | **४३,०२,५०५** | **४२,४७,४७३** |
| **गैर चालू दायित्व** | | | | |
| दिर्घकालीन ऋण | १९,८०,०२० | ३३,४७,९०५ | ३८,९५,३०७ | ५०,०९,६४८ |
| व्यवस्थाहरु | ९४९ | ९१८ | १,७१० | २,३५८ |
| **चालु दायित्व** | | | | |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | ६०,२८१ | ९९,२६६ | १,४१,८३० | २,३१,३७५ |
| **जम्मा दायित्व** | **२०,४१,२५०** | **३४,४८,०९०** | **४०,३८,८४७** | **५२,४३,३८०** |
| **जम्मा पूँजी तथा दायित्व** | **४७,९९,८५३** | **६३,८०,२३७** | **८३,४१,३५१** | **९४,९०,८५४** |
| **गैर चालू सम्पत्ति** | | | | |
| खुद स्थिर सम्पत्ति | ४,२४,१४३ | ५,०१,८४९ | ४,९६,४२९ | ४,८८,१८९ |
| क्रियाशिल पूँजी | २९,५४,१०६ | ४६,०९,३२२ | ५७,१७,४४८ | ७६,९८,५४० |
| **जम्मा गैर चालु सम्पत्ति** | **३३,७८,२४९** | **५१,११,१७०** | **६२,१३,८७८** | **८१,८६,७२** |
| **चालू सम्पत्ति** | | | | |
| लगानी | - | - | १,१७,००,००० | २,५०,००० |
| मौज्दात | १६१ | २२० | ३७४ | २३८ |
| अग्रीम भुक्तानी | १८८ | २१६ | ५३४ | ८०३ |
| सापटी, निक्षेप तथा अन्य सम्पत्ति | ११,२४,४७२ | ९,९२,५४७ | ८,८१,६७५ | ९,१७,८४८ |
| नगद र नगद बराबर | २,९६,७८२ | २,७६,०८४ | ७४,८९० | १,३५,२३६ |
| **जम्मा चालू सम्पति** | **१४,२१,६०४** | **१२,६९,०६७** | **२१,२७,४७३** | **१३,०४,१२५** |
| **खुद सम्पत्ति** | **४७,९९,८५३** | **६३,८०,२३७** | **८३,४१,३५१** | **९४,९०,८५४** |

**नोट : आ.व. २०७५।७६ को व्याज आम्दानीलाई समानान्तर रुपमा खर्चमा समायोजन गरिएकोले संचित नाफा नोक्सानमा फरक परेको ।*

**आय विवरण (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७७)**

*(रु.हजारमा)*

| विवरण | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | आ.व. २०७६।०७७ |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| विद्युत विक्रीबाट आम्दानी | | - | - | - |
| **खर्चहरु** | | | | |
| प्रशासनिक तथा अन्य सञ्चालन खर्च | २५,३५० | २५,६७७ | ३६,९४६ | २९,४१६ |
| ह्रास | १,५९२ | १,३४२ | १,१४३ | ९१२ |
| **सञ्चालन नाफा/नोक्सान** | **(२६,९४२)** | **(२७,०१९)** | **(३८,०८९)** | **(३०,३२८)** |
| वित्तीय आम्दानी | ६,९०८ | १२,९०८ | - | - |
| अन्य आम्दानी | १५९ | ५,१७० | २३७ | २११ |
| वित्तीय शुल्क | (१,१४८) | (७,०१४) | (१३,२०६) | (२४,९१४) |
| **आयकर अघिको नाफा/नोक्सान** | **(२१,०२३)** | **(१५,९५६)** | **५१,०५८** | **(५५,०३१)** |
| घटाउने : कर | | | | |
| **खुद नाफा/(नोक्सान)** | **(२१,०२३)** | **(१५,९५६)** | **५१,०५८** | **(५५,०३१)** |

**नोट :** कम्पनीले आ.ब. २०७४।७५ बाट लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार लेखा राखेकोले मिति २०७५।०६।२९ मा नेपाल धितोपत्र बोर्डबाट

स्वीकृति प्राप्त गरी प्रकाशित गरिएको विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण यसमा प्रकाशित गरिएको वित्तीय विवरणभन्दा फरक रहेको छ ।

(ग) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :**

**आन्तरिक लेखापरिक्षकले प्रमाणित गरेको २०७७ पौष मसान्तसम्मको वासलात**

*(रु.हजारमा)*

| पूँजी र दायित्व | रकम |
|---|---|
| **पूँजी र दायित्व** | |
| शेयर पुँजी | ४५,००,००० |
| जगेडा कोष र संचित नाफा | (२,७५,९६३) |
| **जम्मा पूँजी** | **४२,२४,०३६** |
| **गैर चालू दायित्व** | |
| दिर्घकालीन ऋण | ५२,५६,१५८ |
| व्यवस्थाहरु | २,३५८ |
| **चालु दायित्व** | |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | १,८७,४४० |
| **जम्मा दायित्व** | **५४,४५,९५६** |
| **जम्मा पूँजी तथा दायित्व** | **९६,६९,९९२** |
| **गैर चालू सम्पत्ति** | |
| खुद स्थिर सम्पत्ति | ४,८४,१५६ |
| चालू पूँजीगत कार्य | - |
| क्रियाशिल पूँजी | ८१,४०,७०२ |
| **जम्मा गैर चालू सम्पत्ति** | **८६,२४,८५८** |
| **चालू सम्पत्ति** | |
| लगानी | १,४०,००० |
| मौज्दात | २०२ |
| अग्रीम भुक्तानी | ६०५ |
| सापटी, निक्षेप तथा अन्य सम्पत्ति | ८,८०,२६४ |
| नगद र नगद बराबर | २४,०६३ |
| **जम्मा चालू सम्पति** | **१०,४५,१३४** |
| **खुद सम्पत्ति** | **९६,६९,९९२** |

**आन्तरिक लेखापरिक्षकले प्रमाणित गरेको २०७७ पौष मसान्तसम्मको आय विवरण**

*(रु.हजारमा)*

| विवरण | रकम |
|---|---|
| **आम्दानी** | |
| विद्युत विक्रीबाट आम्दानी | - |
| **खर्चहरु** | |
| प्रशासनिक तथा अन्य सञ्चालन खर्च | २३,०७९ |
| ह्रास | ३६५ |
| **सञ्चालन नाफा/नोक्सान** | **(२३,४४४)** |
| वित्तीय आम्दानी | - |
| अन्य आम्दानी | ८ |
| वित्तीय शुल्क | - |
| आयकर अधिको नाफा/नोक्सान | **(२३,४३६)** |
| घटाउने : कर | |
| **खुद नाफा/(नोक्सान)** | (२३,४३६) |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए** (अ) **सम्पत्तिको विवरण** (आ) **सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य** (ई) **पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ ।

**वासलात** *(रु. हजारमा)*

| विवरण | आर्थिक बर्ष |
|---|---|

| | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० |
|---|---|---|---|
| **पूँजी र दायित्व** | | | |
| शेयर पुंजी | ६,०००,००० | ६,०००,००० | ६,०००,००० |
| शेयर प्रिमियम | – | – | – |
| शेयर आवेदन रकम | – | – | – |
| जगेडा कोष र संचित नाफा | ४७,२९३ | ९५१,६८७ | २,२३३,०९८ |
| सुरक्षित ऋण | १०,१५०,२८९ | ८,७८७,७३० | ७,४२५,१७० |
| **जम्मा** | **१६,१९७,५८२** | **१५,७३९,४१७** | **१५,६५८,२६८** |
| **न्यून चालू दायित्व र व्यवस्था** | | | |
| व्यापरिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | ४६३,६३९ | ४६६,२३० | ८४,४०९ |
| व्यवस्थाहरु | २,४५२ | २,५५० | २,६५२ |
| **जम्मा चालू दायित्व** | **४६६,०९१** | **४६८,७८०** | **८७,०६१** |
| **खुद चालू दायित्व** | **१६,६६३,६७३** | **१६,२०८,१९७** | **१५,७४५,३३०** |
| **सम्पत्ति** | | | |
| **लगानी** | | | |
| खुद स्थिर सम्पत्ति | ५६८,८१६ | ५६०,७७७ | ५५३,८८८ |
| आयोजना सम्पत्ति (खुद) | १५,६९३,६०४ | १५,०४८,६४९ | १४,७३०,३३१ |
| अन्य लगानी | – | – | – |
| **जम्मा स्थिर सम्पत्ति** | **१६,२६२,४२०** | **१५,६०९,४२६** | **१५,२८४,२२०** |
| **चालू सम्पत्ति** | | | |
| लगानी (मुद्धती निक्षेप) | – | – | – |
| जिन्सी मौज्दात | २६२ | २८८ | ३१७ |
| व्यापरिक तथा अन्य प्राप्य रकम | ३८७,९९३ | ४००,०६५ | ४१२९६१ |
| नगद र अन्य मौज्दात | ११,१९५ | १९६,४६२ | ४५,६६९ |
| अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी | १,८०३ | १,९५५ | २,१६३ |
| **जम्मा चालू सम्पत्ति** | **४०१,२५३** | **५९८,७७१** | **४६१,११०** |
| **खुद चालू सम्पत्ति** | **१६,६६३,६७३** | **१६,२०८,१९७** | **१५,७४५,३३०** |

## नाफा- नोक्सान हिसाब

*(रु.हजारमा)*

| विवरण | आर्थिक बर्ष | | |
|---|---|---|---|
| | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० |
| विक्री आम्दानी | १,०६७,२५१ | २,९३८,०७० | ३,०२५,२८५ |
| विक्रीको लागत | (३३२,६४९) | (९८८,९०७) | (९८१,६७७) |
| **मोटामोटी नाफा** | **७३४,६०२** | **१,९४९,१६३** | **२,०४३,६०८** |
| अन्य आम्दानी | १७,७०५ | २२४ | ३,९२९ |
| प्रशासकीय खर्च | (३९,२००) | (४१,१६०) | (४३,२१८) |
| **संचालनबाट नाफा** | **७१३,१०७** | **१,९०८,२२६** | **२,००४,३१९** |
| व्याज खर्च | (४०६,४३८) | (९८४,८०१) | (६९६,३०४) |
| ह्रास खर्च | (७३१) | (५७४) | (४५२) |
| कर्मचारी बोनश व्यवस्था | (६,११९) | (१८,४५७) | (२६,१५१) |
| **आयकर कट्टीगर्नु अधिको नाफा** | **२९९,८२०** | **९०४,३९४** | **१,२८१,४११** |
| आयकर | – | – | – |
| **आयकर कट्टीगरे पछिको खुद नाफा** | **२९९,८२०** | **९०४,३९४** | **१,२८१,४११** |

## नाफा- नोक्सान हिसाब

*(रु.हजारमा)*

| विवरण | आर्थिक बर्ष | | |
|---|---|---|---|
| | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
| यस बर्षसम्मको संचित मुनाफा | – | ४७,२९३ | ९,५१,६८७ |
| यस बर्षको मुनाफा | २९९,८२० | ९०४,३९४ | १,२८१,४११ |
| **जम्मा** | **२९९,८२०** | **९,५१,६८७** | **२,२३३,०९८** |
| यस बर्षसम्मको संचित नोक्सानी | (२५२,५२७) | – | – |
| यस बर्षको नोक्सानी | – | – | – |
| साधारण जगेडा कोष | – | – | – |
| अन्य जगेडा कोष | – | – | – |

| | | | |
|---|---|---|---|
| लाभांश समिकरण कोष | - | - | - |
| नगद लाभांश | - | - | - |
| प्रस्तावित बोनस शेयर | - | - | - |
| शेयर जारी खर्च | - | - | - |
| अन्य | - | - | - |
| **जम्मा** | (२५२,५२७) | - | - |
| **सञ्चित मुनाफा/(नोक्सान)** | ४७,२९३ | ९५१,६८७ | २,२३३,०९८ |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ. व. २०७७/२०७८ | आ. व. २०७८/२०७९ | आ.व. २०७९/२०८० |
| कुल आयमा औषत बृद्धिदर | - | १७५.२९% | २.९७% |
| कुल खर्चमा औषत बृद्धिदर (ब्याज र ह्रास बाहेक) | ११६४.१०% | १७७.०१% | (०.५०%) |
| संचालन खर्च तथा कुल आम्दानी अनुपात | ३४.८४% | ३५.०६% | ३३.८८% |
| खुद मुनाफामा औषत बृद्धिदर | - | २०१.६५% | ४१.६९% |
| आयकर व्यवस्था (प्रतिशतमा) | - | - | - |
| प्रति शेयर आम्दानी (रु.) | ५.०० | १५.०७ | २१.३६ |
| अन्य संचालन खर्चमा वृद्धिदर (ब्याज र ह्रास) | १४७६.५९% | १४२.०१% | (२९.२९%) |
| शेयरमा प्रतिफल | ४.९८% | १३.९७% | १८.०१% |
| सम्पत्तिमा प्रतिफल | २.२९% | ५.५०% | ८.०२% |
| परियोजनाको जम्मा लागत (रु. हजारमा) | १६,९७३,२१८ | | |
| परियोजनाको प्रति मेगावाट लागत (रु. हजारमा) | १६६,४०४ | | |
| कुल वर्तमान मुल्य (NPV) (रु. हजारमा) | ५,५०२,३९० | | |
| आन्तरिक प्रतिफल दर (IRR) | १३.४९% | | |
| लगानी फिर्ता अवधि | ७.७० वर्ष | | |
| डिस्काउन्ट गरिएको लगानी फिर्ता अवधि | १५.४८ वर्ष | | |

**नोट :** आयोजनाको संशोधित RCOD अनुसार आयोजनाको निर्माण अवधि थप भएको कारणले मिति २०७५।०६।२९ मा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरी प्रकाशित गरिएको विवरणपत्रमा उल्लेख गरिएको प्रक्षेपण र यस विवरणपत्रमा उल्लेख गरिएको प्रक्षेपणमा फरक पर्न गएको छ।

**प्रक्षेपण गरिएको वित्तिय विवरणहरुको अनुमान तथा आधारहरु देहाय बमाजिम रहेको छ :**

१. नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद - बिक्री सम्झौता अनुसार निर्माणाधिन १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाको अनुमानित व्यापारीक उत्पादन सुरु हुने मिति २०७७/११/१६ रहेको छ।

२. आयोजना सचांलन तथा सम्भार खर्च आ. व. २०७७/०७८ मा विद्युत बिक्रीको ५% रहने र तत्पश्चात उक्त अनुपातमा हरेक वर्ष ५% ले बृद्धि हुने अनुमान गरिएको छ।

३. विद्युत ऐन २०४९ अनुसार नाफाबाट २% कर्मचारी बोनश व्यवस्था गरिएको छ।

४. कम्पनीले आयोजना निर्माणको निमित्त त्रिपक्षिय ऋण सम्झौता (पूरक ऋण सम्झौता सहित) बमोजिम कर्मचारी संचय कोषसँग रु.८८८.८६४ करोड ऋण लिई आयोजना सम्पन्न गर्ने लक्ष्य लिएको छ। कर्मचारी संचय कोषसँग लिएको रु.८८८.८६४ करोड ऋण र रु.६०० करोड शेयर पूँजी जारी समेत गरी आयोजना निर्माणको क्रममा हुन सक्ने अपुग रकम विभिन्न भुक्तानी व्यवस्थापन (ठेकेदारहरुको भुक्तानीमा गरिएको Retention सहित) र आन्तरीक प्रतिफलबाट व्यवस्थापन गर्ने योजना रहेको छ।

५. कम्पनीले सर्बसाधारण हरुका लागि छुट्टाएको शेयर निष्कासन गर्ने कार्य आ. व. २०७७/०७८ सम्ममा सम्पन्न गर्ने छ।

६. आयोजनाको लागत प्रति मेगावाट (निर्माण अवधिको पूजींकृत ब्याज समेत) रु.१६.६४ करोड रहने अनुमान गरिएको छ।

७. नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद - बिक्री सम्झौता अनुसार व्यापारीक उत्पादन सुरु भए पश्चात विद्युत बिक्रीबाट प्राप्त हुने रकममा वर्षको अन्तिम महिनाको बिल रकम बक्यौताको रुपमा रहने गरी प्रक्षेपण गरिएको छ।

८. व्यापारीक उत्पादन सुरु भएको १५ वर्षसम्म नेपाल सरकारलाई तिर्नु पर्ने जडित क्षमताको रोयल्टी दर प्रति किलोवाट रु.२००/- र विद्युत बिक्रिबाट हुने आम्दानीको रोयल्टी दर २% हुने गरी वित्तिय विवरणमा प्रक्षेपण गरिएको छ।

९. व्यापारीक उत्पादन सुरु भएको १५ वर्ष पश्चात नेपाल सरकारलाई तिर्नु पर्ने जडित क्षमताको रोयल्टी दर प्रति किलोवाट रु.२००/- बाट बृद्धि भई प्रति किलोवाट रु.१५०० र विद्युत बिक्रिबाट हुने आम्दानीको रोयल्टी दर २% बाट बृद्धि भई १०% हुने गरी वित्तिय विवरणमा प्रक्षेपण गरिएको छ।

१०. अघिल्लो आ. व. को अन्त्यमा कायम रहेको खुद आयोजना सम्पत्तिको ०.७५% ले हुने रकम आयोजना संरचनाहरुको बीमाको लागि खर्च हुने अनुमान गरिएको छ।

११. आयोजना लागतमा समावेश भएको व्यापारीक उत्पादन सुरु हुनुभन्दा अगाडिको केन्द्रीय कार्यालयको खर्च (सर्बसाधारण हरुका लागि छुट्ट्याएको शेयर जारी गर्दा हुने खर्च समेत) रकम रु.१६६,८५७ हजारलाई आयोजना लागतमा पूँजिकरण नगरी आय व्यय विवरण मार्फत जगेडा कोष र संचित नाफामा देखाइएको छ ।

१२. व्यापारीक उत्पादन पश्चात आयोजना लागतलाई पूँजिकरण गर्दा सम्बन्धित आयोजनामा भएको खुद लगानी रकमका साथै निर्माण अवधिको पूँजिकरण गरिने ब्याज खर्च, आयोजना व्यवस्थापन खर्च र परामर्श सेवा खर्चहरुलाई मुख्य संरचनात्मक खर्च (सिभिल तथा हाइड्रोमेकानिकल कार्य, इलेक्ट्रोमेकानिकल कार्य र प्रशारण प्रणाली कार्य) को अनुपातमा बाँडफाँड गरी पूँजिकरण गरिएको छ ।

१३. सम्पत्तिहरुको ह्रास कट्टी गर्ने सम्बन्धमा कम्पनीको स्वीकृत लेखा नीति बमोजिम आयोजना निर्माण संरचनाहरु - सिभिल तथा हाइड्रोमेकानिकल निर्माण कार्यको संरचना, इलेक्ट्रोमेकानिकल निर्माण कार्यको संरचना र प्रशारण प्रणाली निर्माण कार्यको संरचनाको हकमा आयोजनाबाट व्यापारीक उत्पादन सुरु भए पश्चात विद्युत उत्पादनको अनुमतिपत्र बहाल रहने अवधिभित्र (२६ वर्ष ८ महिना) ह्रास कट्टी हुने गरी समान दरमा ह्रास कट्टा गरिने र अन्य स्थायी सम्पत्तिहरुको हकमा आयकर ऐन, २०५८ बमोजिम ह्रास कट्टा गरिनेछ ।

१४. आयोजनाको कुल वर्तमान मुल्य (NPV) र लगानी फिर्ता अवधिलाई बजारमा विद्यमान मुद्दती निक्षेपको ब्याजदर लाई पुँजीको लागत (Cost of Capital) मानी १०% प्रतिवर्ष को दरले डिस्काउन्ट गरिएको छ ।

१५. आयोजनाको सामान्य लगानी फिर्ता अवधि ७.७० वर्ष र १०% प्रतिवर्ष को दरले डिस्काउन्ट गरिएको लगानी फिर्ता अवधि १५.४८ वर्ष रहेको छ ।

१६. आयोजनाको कुल वर्तमान मुल्य (NPV) १०% प्रतिवर्ष को दरले डिस्काउन्ट गर्दा रु. ५,५०२,३९० हजार रहेको छ ।

१७. आयोजनाको आन्तरिक प्रतिफल दर (IRR) १३.४९% रहेको छ । आयोजनाको कुल वर्तमान मुल्य (NPV) शुन्य हुने गरी Hit and Trial विधिबाट आन्तरिक प्रतिफल दर (IRR) गणना गरिएको छ ।

माथि उल्लेख गरिए बमोजिमको प्रक्षेपित वित्तीय विवरण निष्कासन कम्पनीले तयार पारी सो वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु कम्पनीको आ. व. २०७६/०७७ सम्मको लेखापरिक्षण भैसकेका वित्तिय विवरणहरु, नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद - बिक्री सम्झौता, आयोजनाको समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान, आयोजनाको लागि ऋण लिने सम्बन्धमा कर्मचारी संचय कोष, चिलिमे जलविद्युत कम्पनी तथा कम्पनी बिच भएको त्रिपक्षिय सम्झौता, हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण एवं राज्यको अनुमानित वित्तिय तथा मौद्रिक स्थिति साथै निष्काशन कम्पनीको हालको दक्षता र निष्काशन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्यप्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी श्री G.R.K. & Associates, चार्टर्ड एकाउन्टेण्ट्स, कलंकी, काठमाडौंका चार्टड एकाउन्टेन्ट श्री गिरिराज कंडेलले प्रमाणित गर्नु भएको छ ।

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७३।०७४ | आ.ब. ०७४।०७५ | आ.ब. ०७५।०७६ | आ.व.०७६।७७ | आ.ब. ०७७।०७८ | आ.ब. ०७८।०७९ | आ.ब. ०७९।०८० |
| प्रति शेयर नेटवर्थ (रु.)* | ९६.१० | ९५.८२ | ९५.६१ | ९४.३९ | १००.७९ | ११५.८६ | १३७.२२ |
| प्रति शेयर आम्दानी (रु.) | (०.७३) | (०.५२) | (१.१३) | (१.२२) | ५.०० | १५.०७ | २१.३६ |

***नोट:** नेपाल वित्तीय प्रतिवेदन मान (ल्न्ब्) अनुसार आ.व. २०७४।७५ देखि लेखा राखि आयोजना तथा कम्पनीको केन्द्रिय कार्यालयमा भएको ह्रास खर्च सहितको प्रशासनिक खर्च समेत) खर्च भएको वर्षमानै खर्च लेखाङ्कन गरिएकोले प्रति शेयर नेटवर्थ बार्षिक रुपमा माथि उल्लेख गरे अनुरुप रहेको छ ।

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :**

*(रु. हजारमा)*

| विवरण | लेखा परीक्षण सम्पन्न भएको | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७३।०७४ | आ.ब. ०७४।०७५ | आ.ब.* ०७५।०७६ | आ.व. ०७६।७७ | आ.ब. ०७७।०७८ | आ.ब. ०७८।०७९ | आ.ब. ०७९।०८० |
| साधारण शेयर वापत पूंजी (रु. हजारमा) | २,८७०,५०० | ३,०६०,००० | ४,५००,००० | ४,५००,००० | ६,०००,००० | ६,०००,००० | ६,०००,००० |
| शेयर प्रिमियम (रु. हजारमा) | - | - | - | - | - | - | - |
| शेयर आवेदन रकम | - | - | - | - | - | - | - |
| संचित नाफा नोक्सान (रु. हजारमा) | (१११,८९७) | (१२७,८५३) | (१९७,४९५) | (२५२,५२७) | ४७,२९३ | ९५१,६८७ | २,२३३,०९८ |
| अपलेखन हुन वांकी खर्च (रु. हजारमा) | - | - | - | - | - | - | - |
| **खूद सम्पत्ति (नेट वर्थ) (रु. हजारमा)** | **२,७५८,६०३** | **२,९३२,१४७** | **४,३०२,५०५** | **४,२४७,४७३** | **६,०४७,२९३** | **६,९५१,६८७** | **८,२३३,०९८** |
| शेयर संख्या (हजारमा) | २८,७०५ | ३०,६०० | ४५,००० | ४५,००० | ६०,००० | ६०,००० | ६०,००० |
| **प्रति शेयर नेटवर्थ (रु.)** | **९६.१०** | **९५.८२** | **९५.६१** | **९४.३९** | **१००.७९** | **११५.८६** | **१३७.२२** |
| खूद नाफा नोक्सान ( रु. हजारमा) | (२१,०२३) | (१५,९५६) | (५१,०५८) | (५५,०३१) | २९९,८२० | ९०४,३९४ | १,२८१,४११ |
| शेयर संख्या (हजारमा) | २८,७०५ | ३०,६०० | ४५,००० | ४५,००० | ६०,००० | ६०,००० | ६०,००० |
| **प्रति शेयर आम्दानी (रु.)** | **(०.७३)** | **(०.५२)** | **(१.१३)** | **(१.२२)** | **५.००** | **१५.०७** | **२१.३६** |
| **नेटवर्थमा औषत प्रतिफल** | (०.७६) | (०.५४) | (१.१९) | (१.३०) | ४.९६ | १३.०१ | १५.५६ |

*नोट : आ.व. २०७५।७६ को ब्याज आम्दानीलाई समानान्तर रुपमा खर्चमा समायोजन गरिएकोले संचित नाफा नोक्सानमा फरक परेको ।*

माथि उल्लेख गरिए बमोजिम कम्पनीबाट तयार यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु कम्पनीको आ. व. २०७६/०७७ सम्मको लेखापरिक्षण भैसकेका वित्तिय विवरणहरु, नेपाल विद्युत प्राधिकरण सँग भएको विद्युत खरीद - बिक्री सम्झौता, आयोजनाको समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान, आयोजनाको लागि ऋण लिने सम्बन्धमा कर्मचारी संचय कोष, चिलिमे जलविद्युत कम्पनी तथा कम्पनी बिच भएको त्रिपक्षिय सम्झौता, हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण एवं राज्यको अनुमानित वित्तिय तथा मौद्रिक स्थिति साथै निष्काशन कम्पनीको हालको दक्षता र निष्काशन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्यप्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी G.R.K. & Associates, चार्टर्ड एकाउन्टेण्ट्स, कलंकी, काठमाडौंका चार्टड एकाउन्टेन्ट श्री गिरिराज कंडेलले प्रमाणित गर्नु भएको छ ।

**ग.१०. धितोपत्र निष्कासन सम्बन्धी विवरण :**

**ग.१०.क.धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.६,०००,०००,०००।– (अक्षरेपी छ अर्व मात्र) को १०% अर्थात रु.६००,०००,०००।–(अक्षेरेपी साठ्ठी करोड मात्र) रकम बराबरको रु.१००।– अंकित दरको ६,०००,००० कित्ता शेयर स्थानिय बासिन्दाहरुमा तथा जारी पूँजीको १५% अर्थात रु.९००,०००,०००।– (अक्षेरेपी नब्बे करोड मात्र) रकम बराबरको रु.१०० अंकित दरका ९,०००,००० कित्ता शेयर सर्वसाधारण समूहमा गरी कूल जम्मा १५,०००,००० कित्ता शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्काशन गरी उक्त रकम कम्पनीको पूर्वाधार निर्माणमा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ ।

**ग.१०.ख. धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग :**

**(क) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.६,०००,०००,०००।– (अक्षरेपी छ अर्व मात्र) को १०% अर्थात रु.६००,०००,०००।–(अक्षेरेपी साठ्ठी करोड मात्र) रकम बराबरको रु.१०० अंकित दरको ६,०००,००० कित्ता शेयर स्थानिय बासिन्दाहरुमा तथा जारी पूँजीको १५% अर्थात रु.९००,०००,०००।– (अक्षेरेपी नब्बे करोड मात्र) रकम बराबरको रु.१०० अंकित दरका ९०,०००,००० कित्ता शेयर सर्वसाधारण समूहमा गरी कूल जम्मा १५०,०००,००० कित्ता शेयर देहाय बमोजिमका कार्यहरुका लागि खर्च गरिनेछ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | सिभिल तथा हाइड्रो मेकानीकल कार्य | १,००,००,००,०००।- |
| २. | इलेक्ट्रो मेकालिकल कार्य | ३०,००,००,०००।- |
| ३. | २२० केभि ट्रान्समिसन लाइनको निर्माण कार्य | १०,००,००,०००।- |
| ४. | परामर्शदाताको खर्च | ५,००,००,०००।- |
| ५. | आयोजना संचालन खर्च | ५,००,००,०००।- |
| | **जम्मा** | **१,५००,०००,०००।–** |

**(ख) सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्थाः**

अन्य जलविद्युत कम्पनीले धितोपत्र निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेकोछ । कथंकदाचित निष्काशन गरिने धितोपत्र स्थानिय बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बांकि धितोपत्र सर्वसाधारणहरुको लागी निष्काशन गरिने धितोपत्रमा थप गरिने छ । सर्वसाधारणहरुको लागी निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा, प्रत्याभूति सम्झौता बमोजिम प्रत्याभूतिकर्ता श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौले उक्त धितोपत्र खरीद गर्ने छ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस कम्पनीले निर्माण गरिरहेको मध्य भोटेकोशी जलविद्युत आयोजना बाग्मती अञ्चलको सिन्धुपाल्चोक जिल्लामा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, लट नं. १ सिभिल तथा हाइड्रो मेकानीकल कार्य र लट नं. २ इलेक्ट्रो मेकालिकल निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु गरिरहेका छन् । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद विक्री सम्झौता बमोजिम उत्पादन हुने विद्युत शक्ति राष्ट्रिय प्रशारण लाइनमा जोड्नको लागि आयोजना स्थलदेखि नेपाल विद्युत प्राधिकरणको प्रस्तावित बाह्रविसे हवसम्मको चार कि.मि. लामो Transmission Line निर्माण गर्ने कार्यका मिति २०७५।०४।११ (जुलाई २७, २०१८) मा ठेकदार कम्पनी श्री Urja-AC JV, Lalitpur, Nepal सँग ठेक्का संझौता भई सो अनुरुपका कार्यहरु सम्पादन हुँदै आएका छन् ।

आयोजना निर्माणको प्रत्येक लटको अनुमानित लागत, २०७७ चैत्र मसान्त गतेसम्म सम्पन्न भएको कामको विवरण र बाँकी रहेको कामको रकमसहितको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

<table>
<tr><th>सि.नं.</th><th colspan="3">कार्य</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">सिभिल तथा हाइड्रोमेकानिकल कार्य</td><td>जम्मा लागत अनुमान (रु.)</td><td>९,४८,१५,९१,०००।-</td></tr>
<tr><td>हालसम्म भएको कामको विवरण</td><td>लट नं. १ अन्तर्गतको सिभिल तथा हाइड्रोमेकानिकल कार्यलाई EPC Contract मा ६० वटा Milestones मा विभाजन गरिएको छ । यसको साथै Contract मा Tunnel, Surge Tank,ख Penstock र Powerhouse Slope को support को लागि लागि BOQ मा गर्ने गरी व्यवस्था गरिएको छ । हाल सम्म सिभिल तथा हाइड्रोमेकानिकल कार्य अन्तर्गत आयोजनाको कार्यान्वयनको अवस्था निम्नानुसार छः<br>- Headrace Tunnel को कार्य ९३.६८% सम्पन्न,<br>- पेनस्टक शुरुंग खन्ने कार्य १००% सम्पन्न,<br>- सर्ज ट्यांक खन्ने कार्य १००% सम्पन्न,<br>- डाइभरसन शुरुंगको कार्य १००% सम्पन्न,<br>- पावरहाउसको Excavation को कार्य १००% सम्पन्न,<br>- पावरहाउसको अक्जिलरी भागको कार्य करिब ५०% सम्पन्न,<br>- ड्यामको कार्य गेटबाहेक अन्य कार्य ९०% सम्पन्न,<br>- बाँध (स्पिल-वे) मा कंक्रिटको कार्य १००% सम्पन्न ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | हालसम्म भएको खर्च रकम (रु.) | ४,३८,७६,९६,८२८।- |
| | | बाँकी रहेको काम | - Desander को कंक्रिटिंगको कार्य,<br>- Pressure Conduit को कंक्रिटिंगको कार्य,<br>- हेडरेस टनेलको Lining को कार्य,<br>- सर्ज ट्यांकको Lining को कार्य,<br>- पेनस्टकको Steel Lining को कार्य,<br>- पावर हाउसमा मा केही बाँकी सिभिल तथा Electromechanical equipment जडानको कार्य,<br>- टेलरेसको Concreting को कार्य,<br>- हेडरेस टनेलमा ७,१२६ मि. मध्ये ४५० मि.मात्र खन्ने कार्य बाँकी रहेको। |
| | | बाँकी रहेको रकम(रु.) | ५,०९,३८,९४,१७२।- |
| २. | **इलेक्ट्रोमेकानिकल कार्य** | जम्मा लागत अनुमान (रु.) | २,५९,९१,५८,०००।- |
| | | हालसम्म भएको कामको विवरण | हाल लट नं. २ अन्तर्गतको इलेक्ट्रोमेकानिकल कार्यको Design, Drawing submission को साथै Approve भएको Design, Drawing हरुको आधारमा Electromechanical Equipment हरु निर्माण भई आयोजना स्थलमा delivery गर्ने कार्य भइरहेको छ। हाल सम्म ठेक्का सम्झौता भएका Electomechanical सम्बन्धी विभिन्न Equipment हरू मध्ये Drafttube elbow र First stage embedment parts, Earth Mat, Powerhouse EOT Crane, Generator Stator Frame, Generator Auxiliary parts, Spiral casing, Oil Pressure Unit, Compressor Systemहरु आयोजना स्थलमामा पुगिसकेको अवस्था छ। Turbine Shaft, Intermediate Shaft, Generator Shaft, MIV, Stator हरु आयोजना स्थलमा delivery भइसकेको छ। Draft Tube Installation को कार्य पुरा भएको छ भने Spiral Casing, Turbine, Generator हरु EOT Crane Installation भई सकेपछि राखिनेछ। |
| | | हालसम्म भएको खर्च रकम (रु.) | १,५४,७८,१०,५८१।- |
| | | बाँकी रहेको काम | - EOT Crane install गर्ने कार्य गर्न बाँकी, सो पश्चात Spiral Casing, Turbine र Generator जडान गर्ने कार्य गरिनेछ।<br>- Turbine Runner को निर्माण भई inspection को stage मा रहेको छ।<br>- Generator Transformer, GIS (Gas Insulated Switchgear) को कार्य बाँकी। |
| | | बाँकी रहेको रकम(रु.) | १,०५,१३,४७,४१९।- |
| | | | |
| ३. | **२२० केभी सिंगल सर्किट ट्रान्समिसन लाइन कार्य एवं सब-स्टेशन** | जम्मा लागत अनुमान (रु.) | २१,५६,८७,०००।- |
| | | हालसम्म भएको कामको विवरण | <u>हाल सम्म प्रसारण लाइन कार्य अन्तर्गत आयोजनाको कार्यान्वयनको अवस्था निम्नानुसार छ:</u><br>- नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८।०५।०८ मा Grid Connection Agreement सम्पन्न;<br>- मिति २०७२।०२।१२ मा श्री उर्जा मन्त्रालयबाट विद्युत प्रसारणको सर्वेक्षणको अनुमति पत्र प्राप्त गरी Detailed Route Alignment Survey with Tower Spotting को कार्य सम्पन्न भई प्रसारण लाइनको Topographical Mapping र Design कार्य सम्पन्न;<br>- प्रसारण लाइनको र सो संग सम्बन्धित उपकरणहरूको डिजाइन, निर्माण, सप्लाई, परीक्षण र कमिसनिङ्ग कार्यहरूको लागि मिति जुलाई २७, २०१८ मा श्री Urja-AC JV, Lalitpur, Nepal संग ठेक्का सम्झौता सम्पन्न;<br>- ठेकेदारबाट Tower हरुको Design & Fabrication को कार्य सम्पन्न;<br>- श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन मिति २०७६।०२।०९ मा स्वीकृत भएको;<br>- यस आयोजनालाई श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयअन्तर्गतको विद्युत विकास विभागबाट मिति २०७६।०४।२८ मा विद्युत प्रसारणको अनुमतिसमेत प्राप्त भइसकेको;<br>- यस प्रसारण लाईन निर्माणका लागि आयोजनालाई आवश्यक पर्ने जग्गा प्राप्तिका लागि प्रारम्भिक अधिकृत तोक्ने प्रक्रिया सम्पन्न भई फिल्डमा कित्ता काट verify गर्ने काम सकिएको छ। प्रसारण लाइन निर्माणको लागि टावर रहने स्थानहरुको लागि आवश्यक जग्गा पहिचान गरी जग्गा प्राप्तिको सूचना प्रकाशित गरिसकिएको र उक्त जग्गा अधिग्रहणसंग सम्बन्धित अन्य आवश्यक प्रक्रिया अगाडी बढाउन श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकसंग समन्वय गरी काम भइरहेको छ। |
| | | हालसम्म भएको खर्च रकम (रु.) | ३,५२,७७,५४४।- |
| | | बाँकी रहेको काम | ट्रान्समिसन लाइनको टावर निर्माणको लागि आवश्यक जग्गा प्राप्त गरी Erectionको कार्य गर्न |

| | | | |
|---|---|---|---|
| | | | बाँकीः नेपाल विद्युत प्राधिकरणको बाह्रबिसे सब स्टेशनमा भोटेकोशी हबमा रहने GIS र Bus bar को कार्य नेपाल विद्युत प्राधिकरणलाई सुम्पिइएको । |
| | | बाँकी रहेको रकम (रु.) | १८,०४,०९,४५६।- |

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति**
यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मध्य भोटेकोशी जलविद्युत आयोजना (१०२.०मे.वा.) बाट उत्पादन हुने विद्युत खरिद-बिक्री सम्बन्धी सम्झौताको मिति २०७७०६।१९ मा सम्पन्न दोश्रो संशोधनबाट कायम भएको आयोजनाको संशोधित Required Commercial Operation Date (RCOD) अनुसार यो आयोजनाबाट मिति February 28, 2021 (२०७७ फागुन १६ गते) सम्म विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा विभिन्न कारणहरुबाट आयोजनाको निमार्ण कार्यमा प्रभावित भई हाल मिति June 30, 2021 (२०७८ असार १६ गते) सम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्यसाथ कार्य भइरहेको छ । साथै सोही अनुसार विद्युत खरिद बिक्री सम्झौता समेतमा RCOD को म्याद थप गर्नका लागि यस कम्पनीको मिति २०७७/११/१२ को पत्रमार्फत नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरिसकिएको छ ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

**<u>कम्पनीले खरिद गरेको उपकरणको मूल्य :</u>**

कम्पनीले आयोजनाको लट २ इलेक्ट्रोमेकानिकल कार्य अन्तर्गत पर्ने Turbine Generator, Transformer, Gas Insulated Switchgear लगायतका मेसीन तथा उपकरणहरुको Design, Manufacturer, Supply Installation, Testing and Commissioning का लागि ठेकेदार कम्पनी एन्ड्रिज हाइड्रो प्राइभेट लिमिटेड, भारतसँग मितिः २०७१/०३/२६ मा ठेक्का सम्झौता गरेको र ठेक्का सम्झौता अनुसार यस कार्यको लागत विदेशी मुद्रा तर्फ यू.एस.डलर २०,४६१,२५३६७ र नेपाली मुद्रा तर्फ ने.रु.४०७,०४४,४१७८७ रहेको छ ।

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीबाट निर्माणाधिन मध्य भोटेकोशी जलविद्युत आयोजनाको उत्पादन क्षमता १०२ मेगावाट रहने छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** बागमति अञ्चलको सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी नदीको पानी र सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति पत्र प्राप्त भएको छ ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** बाग्मती अञ्चलको सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी नदीको पानी ।

**(ञ) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

अ) निष्कासन तथा बिक्री प्रबन्धक – रु.१,२००,०००।-
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – रु.१,१३,०००।-
(उ) लेखापरिक्षकको शुल्क – रु.८४,७५०।-
(ऊ) प्रत्याभूति शुल्क - रु.१५,००,०००।-
(ए) अन्य (जस्तै संकलन केन्द्र, निष्कासन बैंक आदि)– संकलन केन्द्रलाई आवेदन फारम सहित रकम संकलन गरे वापत संकलित रकममा ०.०२५%(शून्य दशमलब शून्य दुई पाँच प्रतिशत) वा ३० लाख जुन कम हुन्छ सो मा, बाँडफाँटमा नपरेको शेयर वापतको रकम आवेदकहरुलाई फिर्ता भुक्तानी दिंदा फिर्ता भुक्तान भएको रकममा ०.०२५% (शून्य दशमलब शून्य दुई पाँच प्रतिशत) वा २० लाख जुन कम हुन्छ सो मा सेवा शुल्कको रुपमा दिने व्यवस्था गरिएको छ ।

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** हालसम्म त्यस्तो कुनै व्यवस्था गरिएको छैन ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
**यस विवरणपत्र मार्फत जारी गरिएको साधारण (स्थानिय तथा सर्वसाधारण) शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र वोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्वन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।**

१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।

२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँट गरिने छ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँट गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ता बीच भएको प्रत्याभुत सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतकर्ताले खरिद गर्नेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** स्थानीय वासिन्दाहरुको हकमा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी IPS मार्फत निजहरुले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा रकमान्तरण गरिने व्यवस्था रहेको छ । सर्वसाधारणको हकमा शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले

माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदकको बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

(छ) **विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार सर्वसाधारणहरुमा निष्कासन गरी बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा सिडिएससी एण्ड क्लियरिङ्ग लि.मा दर्ता गरी एकैसाथ खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

(ज) निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको १,५०,००,००० कित्ता धितोपत्र मध्ये तात्कालिन प्रावधान मुताविक सर्वसाधारणलाई निष्काशन गर्ने धितोपत्रको १०० प्रतिशतले हुन आउने ९०,००,००० कित्ता साधारण शेयरको लागि नागरिक लगानी कोषबाट प्रत्याभूति प्रदान गराइएको छ । साथै उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुबाट सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त हुन नआएमा उक्त बाँकी रहेको धितोपत्र समेत संलग्न गरी प्रत्यामूति सेवा प्रदान गर्न मञ्जुर गरेको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

१. प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिकरुपमा बिक्री नभएमा उक्त शेयर बापतको रकम प्रत्याभूतिकर्ताले कम्पनीलाई उपलब्ध गराउनु पर्नेछ । कम्पनीले प्रत्याभूतिकर्ताबाट शेयर वापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नुपर्नेछ ।
२. प्रत्याभूति गरिएको कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।
३. दुवै पक्षको सहमतिमा भएको यस सम्झौतामा प्रत्याभूतिकर्ताको दायित्व आफूले कबोल गरेको हदसम्ममात्र सिमित हुनेछ । कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम बमोजिम कारवाही गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन सक्नेछ ।
४. यस प्रत्याभूति सम्झौताको म्याद २०७७ चैत्र मसान्तमा समाप्त हुने भएकोले नागरिक लगानी कोष (प्रत्याभूतिकर्ता) को मिति २०७७ चैत्र १८ गतेको पत्रानुसार प्रत्याभूति सम्झौताको म्याद मिति २०७८ आषाढ मसान्तसम्मलाई म्याद थप गरिएको छ ।
५. प्रत्याभूति गरेको शेयर प्रत्याभूतिकर्ताले ग्रहण गर्नु परेमा उक्त शेयर ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभुतिकर्तालाई शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।
६. यस सम्झौताको कार्यान्वयन र व्याख्यामा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिमा विवादको समाधान गरिनेछ । आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा दुवै पक्षले एक एक जना मध्यस्थकर्ता नियुक्त गर्नेछन् । यसरी नियुक्त मध्यस्थकर्ताको आपसी सहमतिमा मुख्य मध्यस्थकर्ता नियुक्त गरिनेछ र मध्यस्थकर्ताद्वारा गरिएको निर्णय दुबै पक्षलाई मान्य हुनेछ । मध्यस्थता सम्बन्धी लाग्ने खर्च दुबै पक्षले समान रुपमा व्यहोर्नेछन् । मध्यस्थकर्ताको कार्यालय काठमाण्डौमा रहनेछ । मध्यस्थकर्ताले अपनाउनु पर्ने कार्यविधि तथा विवाद समाधानका अन्य प्रक्रिया मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

(ख) **कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरु तथा तोकिएको स्थानहरुबाट कम्पनीको प्रबन्धपत्र, नियमावली र विवरणपत्र निरीक्षण गर्न सकिनेछ ।

१. यस कम्पनीको रजिष्टर्ड कार्यालय वाग्मती अञ्चल, काठमाण्डौं जिल्ला, महाराजगञ्ज, काठमाण्डौ ।
२. शेयर निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापीटल लि., नक्साल, काठमाण्डौं ।

३. सह–निष्कासन तथा बिक्री प्रबन्धकहरु क्रमशः प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाडौं, लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं, सिविआईएल क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाडौं, सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाडौं, एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं (सम्झौता हुँदा एस क्यापिटल लि.रहेको) मा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।

४. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर मध्ये सर्वसाधारणका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १०(दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० -(दश हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

५. यस विवरणपत्र मार्फत स्थानिय बासिन्दाहरुका लागि निष्कासन गरिने शेयर मध्ये ३०% अर्थात् १८,००,००० कित्ता शेयर आयोजना प्रभावित भोटेकोशी गाउँपालिका वडा नं. १ (साविक लिस्ती गाविस) र वडा नं. ५ (साविक मार्मिङ गाविस) एवं बाह्रविसे नगरपालिका वडा नं. ५ र वडा नं. ६ (साविक गाती गाविस) र वडा नं. ७ (साविक घुम्थाङ्ग गाविस) र वडा नं. ८ (साविक मानेश्वरा गाविस) तथा आयोजना प्रभावित क्षेत्र बाहेकका सिन्धुपाल्चोक जिल्ला बासिन्दाहरुका लागि छुट्टयाइएको ७०% अर्थात ४२,००,००० कित्ता शेयर आवेदन गर्नका लागि लाई कम्तिमा ५० कित्ता र बढीमा ४०० कित्तासम्म *(सिन्धुपाल्चोक जिल्ला समन्वय समितिको सभापतिको उपस्थितिमा मिति २०७५ माघ १८ मा बसेको जिल्लाका स्थानीय प्रतिनिधिहरुको बैठकबाट भएको निर्णयानुसार निष्कासनकर्ता कम्पनीको सञ्चालक समितिको २०७६ पुष २८ को २०८औं बैठकको निर्णय)* सिन्धुपाल्चोक जिल्लाका स्थानीय तथा यस कम्पनीको का लागि दरखास्त दिन सक्ने छ ।

६. आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाको लागि छुट्टयाइएको कूल जारी पुँजीको १०% ले हुन आउने ६० लाख कित्ता माथि सि.नं. ५ मा उल्लेखित क्षेत्रका बासिन्दाहरुको समूहहरु बीच निष्कासन गर्दा कुनै एक समूहलाई छुट्टयाइएको शेयर सम्पूर्ण विक्री नभई अर्को समूहमा मागभन्दा बढी शेयरका लागि दरखास्त प्राप्त हुन आएमा उक्त समूहहरु बीच समायोजना गरी शेयर बाँडफाँट गरिने छ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित स्थानीय बासिन्दाहरु तथा आयोजना प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाका अन्य क्षेत्रमा स्थायी बसोबास गर्ने स्थानिय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।**

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्र तथा आयोजना प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाका अन्य क्षेत्रमा स्थायी बसोबास गर्ने स्थानिय बासिन्दाहरु प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बसाईं सराई गरि आएको हकमा आह्वानपत्र प्रकाशित हुनुभन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी सिन्धुपाल्चोक जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

७. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

८. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

९. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

११. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१५. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१६ दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१७. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं.उल्लेख गर्नुपर्नेछ ।

१८. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ ।

**सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।**

१. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

२. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । तर उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा उक्त सेवा लागू हुने छैन ।

४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।

६. धितोपत्र बाँडफाँट गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

७. शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

८. रु.५ लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्कासनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्कासनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** निष्कासनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

संगठित संस्थाले संगठित संस्थापक संस्थाका कर्मचारी, ऋणदाता संस्थाका कर्मचारी तथा सञ्चयकर्तारुका लागि शेयर जारी गर्दा आ.व. २०७५/७६ को प्रक्षेपित वित्तीय विवरण र आ.व. २०७५/७६ को वास्तविक वित्तीय विवरणको तुलनात्मक अध्ययन देहाय अनुसार रहेको छ ।

**वासलात** *(रु. हजारमा)*

| पूँजी र दायित्व | प्रक्षेपित | वास्तविक | फरक प्रतिशतमा | फरक पर्नाको कारण |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७६/७७ | | |
| शेयर पुँजी | ६०,००,००० | ४५,००,००० | (२५%) | आ. ब. ०७५।७६ भित्र निष्काशन गरिने भनिएको द्वितीय चरणको निष्काशनको कार्य गर्न विलम्ब हुन गई चुक्ता पूँजी प्रक्षेपित भन्दा कम हुन गएको कारणले । |
| जगेडा कोष र संचित नाफा | ८,५५,८०६ | (२,५२,५२६) | (९७.४९%) | आयोजना निर्माणको समयावधि मिति डिसेम्बर ३१, २०२० सम्म बाट प्रक्षेपित गरिएकोमा सो अवधिमा आयोजना सम्पन्न हुन नसकेको हुनाले । |
| दिर्घकालीन ऋण | ८७,१६,३९६ | ५०,०९,६४८ | ४२.५३% | आयोजना निर्माणको समयावधि मिति डिसेम्बर ३१, २०२० सम्म बाट प्रक्षेपित गरिएकोमा सो अवधिमा आयोजना सम्पन्न हुन नसकि ऋणको साँवा र व्याज रकम थप हुन गएकोले । |
| **जम्मा** | **१,५५,७२,२०२** | **९२,५७,१२२** | | |
| **<u>सम्पत्ति</u>** | | | | |
| खुद स्थिर सम्पत्ति | १,५७,६१,७७६ | ४,८८,१८८ | (४८.०६%) | आयोजना निर्माणाधीन अवस्थामा नै रहेकोले । |
| चालू पुँजीगत कार्य | - | ७६,९८,५४० | | |
| अन्य लगानी | - | - | | - |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा स्थिर सम्पत्ति (क)** | **१५,७६१,७७६** | **८१,८६,७२८** | | - |
| **चालू सम्पत्ति** | | | | - |
| जिन्सी मौज्दात | १०,००० | २३८ | (९७.६२%) | आयोजना निर्माण अवधिमै रहेकोले स्टक नरहेको । |
| नगद र अन्य मौज्दात | १,०८,१२१ | ३,८५,२३६ | २५६.२९% | आ.व. २०७५।७६ मा प्रथम चरणको शेयर निष्काशन गरी पूँजी संकलन गरिएको तथा आयोजनाको निर्माण अवधि थप भई संकलित उक्त पूँजी परिचालन नभएकोले । |
| अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी | ४०,००० | ९,१८,६५१ | २१९६.६३% | आयोजनाको निर्माण समयावधि थप भएको कारणले ठेकेदार लगायत अन्यको पेश्की बाँकी रहेकोले । |
| व्यापरिक तथा अन्य प्राप्त रकम | ६,४१,७८८ | - | (%) | आयोजना निर्माण अवधि थप भई विद्युत बिक्री बापत प्राप्त हुने आम्दानी नभएकोले । |
| **जम्मा चालू सम्पत्ति (ख)** | **७,९९,९०९** | **१३,०४,१२५** | | - |
| **न्यून चालू दायित्व र व्यवस्था** | | | | - |
| ब्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | ९,८८,२१९ | २,३१,३७५ | (७६.५९%) | आयोजना निर्माण अवधि थप भएकोले भुक्तानी दिनुपर्ने दायित्व सिर्जना नभएकोले । |
| ब्यवस्थाहरु | १,२६४ | २,३५८ | ८६.५६% | आयोजनाको समयावधि थप भएको कारणले सम्भावित दायित्वहरु थप हुन गएकोले । |
| **जम्मा चालू दायित्व (ग)** | **९,८९,४८३** | **२,३४,७३३** | | - |
| **खुद चालू सम्पत्ति(घ)=(ख)-(ग)** | **(१,८९,५७४)** | **१०,६९,३९२** | | - |
| **सञ्चालन खर्च** | **-** | - | | - |
| **जम्मा (क)+(घ)** | **१,५३,८२,६२८** | **९२,५६,१२०** | | आयोजनाको निर्माण सम्पन्न नभएको हुनाले । |

## नाफा – नोक्सान हिसाब

*(रु. हजारमा)*

| विवरण | प्रक्षेपित | वास्तविक | फरक प्रतिशतमा | फरक पर्नाको कारण |
|---|---|---|---|---|
| | आ.व. २०७६/७७ | आ.व.२०७६/७७ | | |
| बिक्री आम्दानी | २९०४३१२ | – | (१००%) | आयोजना निर्माण अवधि थप भई विद्युत बिक्री बापत प्राप्त हुने आम्दानी नभएकोले । |
| विक्रीको लागत | (२,५८,२२३) | – | (१००%) | आयोजना निर्माण अवधि थप भई विद्युत उत्पादन हुने कार्य हुन नसकेकोले । |
| **मोटामोटी नाफा** | २६,४६,०८९ | – | | आयोजना निर्माण अवधि थप भएकोले । |
| अन्य आम्दानी | ६,८४१ | २,११ | (९६.९२%) | आयोजनाको निर्माण अवधि थप भएको । |
| प्रशासकीय खर्च (बिमा खर्च सहित) | (१,५१,०२२) | (२९,४१६) | (८०.५३%) | आयोजनाको निर्माण अवधि थप भएको कारणले विभिन्न प्रशासकीय खर्चहरु कायमै रहेकोले । |
| सञ्चालन नोक्सान | – | २४,९१४ | (१००%) | |
| **सञ्चालनबाट नाफा** | **२५,०१,९०८** | **(५५,०३१)** | (९७.८१%) | आयोजनाको निर्माण अवधि थप भएको कारणले विभिन्न प्रशासकीय खर्चहरु कायमै रहेकोले । |
| व्याज खर्च | (११,१८,६०४) | – | (१००%) | अन्तिम लेखा परिक्षकबाट प्रमाणित गरेको नोफा नोक्सान हिसावमा लेखाङ्कन नभएको । |
| ह्रास खर्च | (५,३७,७२४) | (९१२) | (९९.८४%) | आयोजना निर्माणको समयावधि थप भई खर्चहरु पूँजीकरण नभएको हुँदा ह्रास खर्च प्रक्षेपित भन्दा कम भएकाले । |
| आयकर कट्टी गर्नु अघिको नाफा | ८,४५,५८० | (५५,०३१) | (९३.५०%) | आयोजनाको निर्माण सम्पन्न नभएको हुनाले । |

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना:**

अ) कम्पनीको आ. व. २०७४/७५ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण एमजिएस एण्ड एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स, काठमाण्डौंका चार्टड एकाउण्टेण्ट, श्री ध्रुव अधिकारीज्यूल गर्नुभएको छ ।

आ) यस कम्पनीको आ.व. २०७५।७६ को वित्तीय विवरणलाई एमजिएस एण्ड एसोसिएट्स चार्टड एकाउण्टेण्ट्स, काठमाण्डौंका चार्टड एकाउण्टेण्ट, श्री ध्रुव अधिकारीज्यूले प्रमाणित गर्नुभएको छ ।

इ) यस निष्कासनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

ई) यस निष्कासनको लागि देहायका बैंकहरुलाई निष्कासन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाता नम्बर |
|---|---|---|
| १. | श्री ग्लोबल आइएमइ बैंक लिमिटेड, काठमाण्डौं । | ०१०१०१०००७६०९ |
| २. | श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं । | ००१००१७१४६०००१६ |
| ३. | श्री सिभिल बैंक लिमिटेड, सुन्धारा, काठमाण्डौं । | ००२१००७६२३४२३४ |
| ४. | बैंक अफ काठमाण्डू लिमिटेड, कमलपोखरी, काठमाण्डौं । | ०१५९०००००५०५५२४ |

्साथै आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस धितोपत्र निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

उ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्कासनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने

चार्टर्ड एकाउण्टेण्ट संस्था G.R.K. & Associates, चार्टर्ड एकाउन्टेन्ट्स, कलंकी, काठमाडौंका चार्टड एकाउन्टेन्ट श्री गिरिराज कंडेलले प्रमाणित गर्नु भएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** :

(१) संकलन केन्द्रहरुको निर्धारण गर्ने ।

(२) बैंकर टु दि इस्युको निर्धारण गर्ने ।

(३) आवश्यकता अनुसार सूचना प्रकाशनमा सहयोग गर्ने ।

(४) आवश्यकता अनुसार बैंक तथा संकलन केन्द्रहरुमा पत्राचार गर्ने ।

(५) शेयर निष्कासनका क्रममा संकलन केन्द्रहरुमा फर्म पठाउने, दैनिक संकलनको विवरण लिने, पठाउने तथा संकलन तथ्यांक नेपाल धितोपत्र वोर्डमा जानकारी गराउने ।

(६) निष्कासनको क्रममा प्राप्त रकम बैंकर टु दि इस्युमा राख्न, झिक्न सहयोग गर्ने र प्राप्त रकमको हिसाब मिलान गर्ने ।

(७) शेयर निष्कासन पश्चात CASBA प्रणाली अन्तर्गत जम्मा भएको दरखास्त फारम तथा संकलन केन्द्रहरुवाट फर्महरु संकलन गर्ने, प्रोसेसिङ्ग गर्ने, बाँडफाँट मोडेल बनाउन सघाउने साथै बाँडफाँटमा सहयोग गर्ने ।

(८) बाँडफाँट पश्चात सम्बन्धित व्यक्तिहरुको Demat खातामा अभौतिक शेयर जम्मा गरी शेयर सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ताका लागि कम्पनीलाई आवश्यक सहयोग गर्ने ।

(९) शेयर निष्कासनका क्रममा आइपर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न गराउनेमा सहयोग गर्ने ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यस मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण गर्न संस्थापक शेयरधनीहरुबाट चुक्ता भएको पुँजी तथा कर्मचारी सञ्चयकोषबाट प्राप्त ऋण रकम समेत आयोजनाको निर्माणका लागि व्यवस्था गरिएको छ । कर्मचारी संचयकोषसँग भएको ऋण सम्झौतामा उल्लेख भएका कर्जा सम्बन्धी केही मुख्य विवरणहरू:

*(मिति २०७७ चैत्र मसान्तसम्म अद्यावधिक गरिएको विवरण)*

| सि.नं. | बुँदा | विवरणहरु |
|---|---|---|
| १ | **शुरु कर्जा रकम** | कर्जा लिन सकिने जम्मा रकम:<br>दीर्घकालीन कर्जा-१: रु.६,१४१,६५०,०००।- (मिति २०६८।०८।२२ गतेको ऋण सम्झौता अनुसार)<br>दीर्घकालीन कर्जा-२: रु.२,७४,६९,९०,०००।- (मिति २०७७।०४।१४ गतेको पूरक ऋण सम्झौता अनुसार)<br>दीर्घकालिन कर्जा(कुल): रु.८,८८,८६,४०,०००।- (आठ अर्ब अठासी करोड छयासी लाख चालिस हजार मात्र)<br>हालसम्म लिइएको कर्जा रकम: रु.३,८७,७०,८०,०००।- (तीन अर्ब सतासी करोड सत्तरी लाख असी हजार) |
| २ | **कर्जाको भुक्तानी अवधि** | दीर्घकालीन कर्जा-१ : २० (बीस) वर्ष (निर्माण अवधि १० वर्ष सहित कर्जा भुक्तानी अवधि २० वर्ष रहेको)<br>दीर्घकालीन कर्जा-२ : १५ (पन्ध्र) वर्ष (निर्माण अवधि १० वर्ष सहित कर्जा भुक्तानी अवधि १५ वर्ष रहेको) |
| ३ | **कर्जा भुक्तानीको तरिका** | **ब्याज भुक्तानी**<br>१. आयोजनाको व्यापारिक उत्पादन पश्चात ऋणी कम्पनीले कोषलाइ कर्जाको ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा भुक्तानी गर्नेछ ।<br>२. ऋणी कम्पनीले कोषलाई नियमित रुपमा ब्याज भुक्तानी नगरेमा उक्त भुक्तानी नभएको ब्याजमा भुक्तानी नभएको अवधिको लागि निर्धारित ब्याजदरमा थप २ प्रतिशत हर्जाना ब्याज तिर्नेछ ।<br>३. त्रैमासिक ब्याजदर बुझाउने भाखा नाघेको ३ (तीन) महिनाभित्र पनि ऋणी कम्पनीले ब्याज नबुझाएमा त्यस्तो ब्याज बुझाउन कोषले चिलिमे जलविद्युत कम्पनीलाई जानकारी दिनेछ । चिलिमे जलविद्युत कम्पनीले जानकारी प्राप्त भएको मितिले सात दिन भित्र कोषलाई ऋणी कम्पनीले बुझाउनु पर्ने ब्याज भुक्तानी गर्ने/गराउनेछ ।<br><br>**साँवा भुक्तानी**<br>१. कोषले ऋणी कम्पनीलाई उपलब्ध गराएको कर्जाको साँवा ब्याज देहाय बमोजिम भुक्तानी गर्नेछ:<br>(क) दीर्घकालीन कर्जा(१ को हकमा आयोजनाको व्यापारिक उत्पादन शुरु भएको मिति (COD) पछिको त्रैमासबाट कर्जाको किस्ता प्रारम्भ हुने गरी कर्जाको किस्ता प्रारम्भ भएको मितिले १० (दश) बर्षभित्र,<br>(ख) दीर्घकालीन कर्जा(२ को हकमा आयोजनाको व्यापारिक उत्पादन प्रारम्भ भए पश्चात कम्पनीको नगद प्रवाहको आधारमा एकमुष्ट वा किस्ताबन्दीमा पटक पटक गरी व्यापारिक उत्पादन प्रारम्भ भएको मितिले अधिकतम ५ बर्ष भित्र,<br>(ग) प्रत्येक बर्षको आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा किस्ता तिर्नुपर्ने गरी किस्ता प्रारम्भ हुने मितिको सावाँ र पूँजिकृत ब्याज सहितको कुल कर्जा रकमको आधारमा दीर्घकालीन कर्जा-१ र दीर्घकालीन कर्जा-२ को कोषले अलग अलग भुक्तानी तालिका बनाउनेछ ।<br>२. ऋणी कम्पनीले ऋण सम्झौतामा उल्लेखित कर्जा फिर्ता भुक्तानी तालिकामा समावेश भएको भन्दा बढी रकम अग्रिम भुक्तानी (Pre-Payment) गरेमा यसरी अग्रिम भुक्तानी गरेको रकममा १५ बर्ष पुग्न बाँकी अवधिको लागि बार्षिक २ (दुई) प्रतिशतका दरले अग्रिम भुक्तानी शुल्क बुझाउने छ । तर व्यापारिक उत्पादन शुरु भएको ५ बर्ष अघि ऋणी कम्पनीले कोषको स्वीकृति नलिई अग्रिम भुक्तानी गर्न पाउने छैन ।<br>३. भुक्तानी तालिका अनुरुप तोकिएको मितिबाट १५ दिन भित्र ऋणी कम्पनीले साँवा किस्ता नबुझाएमा त्यस्तो साँवा बुझाउन कोषले चिलिमे जलविद्युत कम्पनीलाई जानकारी गर्नेछ । चिलिमे जलविद्युत कम्पनीले जानकारी प्राप्त भएको सात दिन भित्र त्यस्तो साँवा रकम कोषलाई भुक्तानी गर्ने/गराउनेछ ।<br>४. ऋण कम्पनीले तोकिएको समयमा साँवा किस्ता भुक्तानी नगरेमा भुक्तानी नभएको अवधिको लागि भाका नाघेको साँवा किस्ताका निर्धारित ब्याजदरमा थप २ प्रतिशत हर्जाना ब्याज बुझाउनु पर्नेछ ।<br>५. ऋणी कम्पनीले बुझेको रकमबाट कोषले साँवा ब्याज हिसाबमिलान गर्दा प्राथमिकताको आधारमा पेनाल ब्याज, साधारण ब्याज, ब्याजमाथीको ब्याज, र साँवा क्रमश: घटाउनेछ । |
| ४ | **किस्ता रकम** | आयोजना निर्माण अवधि सम्पन्न भए पछि मात्र ऋण भुक्तानीको लागि किस्ता निर्धारण गरी भुक्तानी गर्ने व्यवस्था भएको । |
| ५ | **ब्याज दर** | कर्जाको बार्षिक ब्याजदर ९.७५ (नौ दशमलब पचहत्तर) प्रतिशत हुनेछ । वित्तीय बजारमा प्रचलित कर्जाको ब्याजदरलाई समेत दृष्टिगत गरी ऋण सम्झौता भएको मितिलाई आधारमानी बार्षिक रुपमा ब्याजदर पुनरावलोकन गरिनेछ । |
| ६ | **हालसम्म भुक्तान गरेको कर्जा रकम** | आयोजना निर्माण अवधि भएकोले हालसम्म भुक्तानी नभएको । |
| ७ | **बाँकी रकम** | IDC सहित बाँकी ऋण रकम: रु.५,७०,१८,०१,७५३।०१ (पाँच अर्ब सत्तरी करोड अठार लाख एक हजार सात सय त्रिपन्न रुयैयाँ र पैसा एक मात्र) - २०७७ चैत्रसम्मको |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्कासन कम्पनी तथा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

१. निष्कासनकर्ता कम्पनीको तर्फबाट श्री कमल प्रसाद पण्डित - फोन नं.४७२१६४१, ४७२१६४२ तथा इमेलः kamalpa@mbjcl.com.np
२. निष्कासन तथा बिक्री प्रवन्धकको तर्फबाट श्री नलिना श्रेष्ठ - फोन नं. ४४४५६४९ तथा इमेलः info@gicl.com.np
३. सह निष्कासन तथा बिक्री प्रबन्धक, प्रभु क्यापिटल लि. को तर्फबाट श्री बासु थपलिया - फोन नं. ४२२२९८७ तथा इमेलः basu.thapaliya@prabhucapital.com
४. सह निष्कासन तथा बिक्री प्रबन्धक, सिभिल क्यापिटल मार्केट लि. को तर्फबाट श्री मणि राज काफ्ले - फोन नं. ९८४१३६१८७५ तथा इमेलः maniraj.kaphle@civilcapital.com.np
५. सह निष्कासन तथा बिक्री प्रबन्धक, लक्ष्मी क्यापिटल मार्केट लि.को तर्फबाट श्री ईसा श्रेष्ठ - फोन नं. ४७८०२२२ तथा इमेलः info@laxmicapital.com.np
६. सह निष्कासन तथा बिक्री प्रबन्धक, सिविआईएल क्यापिटल लि. को तर्फबाट श्री शान्ति पुडासैनी - फोन नं. ९८४११९०७०० तथा इमेलः shanti.pudasaini@cbilcapital.com
७. सह निष्कासन तथा बिक्री प्रबन्धक, सानिमा क्यापिटल लि. को तर्फबाट श्री रश्मी रिजाल - फोन नं.४२२९१२४ तथा इमेलः rashmirijal.sc@sanimabank.com
८. सह निष्कासन तथा बिक्री प्रबन्धक, एनआईविएल एस क्यापिटल लि.को तर्फबाट श्री समिक्षा नेपाल - फोन नं. ४४२५२८० तथा इमेलः samiksha@niblcapital.com

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु कम्पनीको आ. व. २०७५/०७६ सम्मको लेखापरिक्षण भैसकेका वित्तिय विवरणहरु, नेपाल विद्युत प्राधिकरण सँग भएको विद्युत खरीद - बिक्री सम्झौता, आयोजनाको समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान, आयोजनाको लागि ऋण लिने सम्बन्धमा कर्मचारी संचय कोष, चिलिमे जलविद्युत कम्पनी तथा कम्पनी बिच भएको त्रिपक्षिय सम्झौता, हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण एवं राज्यको अनुमानित वित्तिय तथा मौद्रिक स्थिति साथै निष्काशन कम्पनीको हालको दक्षता र निष्काशन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्यप्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी G.R.K. & Associates, चार्टर्ड एकाउन्टेण्ट्स, कलंकी, काठमाडौंका चार्टड एकाउन्टेन्ट श्री गिरिराज कंडेलले प्रमाणित गर्नु भएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

संस्थापक कम्पनी तथा ऋणदाता कम्पनीबाट कर्मचारीको जिम्मेवारी हेरफेर हुने कारणले सञ्चालक समितिमा हेरफेर हुने गरेको । हालसम्म सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व गरिएको संस्था | सञ्चालकमा बहाल रहेको अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १. | श्री कुलमान घिसिङ | अध्यक्ष | चिलिमे जलविद्युत कम्पनी लि. | २०६७।०९।१८ | २०७१।०४।०६ |
| २. | श्री हितेन्द्र देव शाक्य | अध्यक्ष | चिलिमे जलविद्युत कम्पनी लि. | २०७१।०४।०७ | २०७२।०८।२३ |
| ३. | श्री कन्हैया कुमार मानन्धर | अध्यक्ष | चिलिमे जलविद्युत कम्पनी लि. | २०७२।०८।२४ | २०७३।०६।३० |
| ४. | श्री गोरे शेर्पा | सञ्चालक | नेपाल अरनिको हाइड्रोपावर कं.प्रा. लि. | २०७२।०४।२६ | २०७२।०६।२५ |
| ५. | श्री जयन्द्र श्रेष्ठ | सञ्चालक | चिलिमे जलविद्युत कम्पनी लि. | २०६७।०९।१८ | २०७१।०७।११ |
| ६. | श्री हरि प्रसाद भूर्तेल | सञ्चालक | कर्मचारी सञ्चयकोष | २०६९।०४।०९ | २०७२।०२।०८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | श्री तुलसी राम ढकाल | सञ्चालक | चिलिमे जलविद्युत कम्पनी लि. | २०६८।०५।२५ | २०७१।११।३० |
| ८. | श्री लेखनाथ कोइराला | सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०७०।१२।०७ | २०७१।०६।१४ |
| ९. | श्री ध्रुब भट्टराई | सञ्चालक | कर्मचारी सञ्चय कोष | २०७२।०२।०९ | २०७२।११।३० |
| १०. | श्री नरेश लाल श्रेष्ठ | सञ्चालक | सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | २०७०।११।२७ | २०७२।०३।३१ |
| ११. | श्री केदार खत्री क्षेत्री | सञ्चालक | नेपाल अरनिको हाइड्रोपावर कं. प्रा. लि. | २०७२।०६।२६ | २०७३।०७।३० |
| १२. | श्री बीरेन्द्र मोहन भट्टराई | सञ्चालक | कर्मचारी सञ्चयकोष | २०७२।१२।०१ | २०७४।१०।२९ |
| १३. | श्री युवराज दुलाल | सञ्चालक | सिन्धुपाल्चोक हाइड्रोपावर कं. लि. | २०७३।०८।०१ | २०७४।०९।२९ |
| १४. | श्री भरत राज वस्ती | सञ्चालक | कर्मचारी सञ्चय कोष | २०७४।११।०२ | २०७५।०१।२५ |
| १५. | श्री दामोदर भक्त श्रेष्ठ | सञ्चालक | चिलिमे जलविद्युत कम्पनी लि. | २०७३।०७।२४ | २०७५।०८।०५ |
| १६. | श्री माधव प्रसाद कोइराला | सञ्चालक | चिलिमे जलविद्युत कम्पनी लि. | २०७५।०८।०६ | २०७६।०८।२३ |
| १७. | श्री नरेश लाल श्रेष्ठ | सञ्चालक | सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | २०७४।१०।०१ | २०७५।०९।३० |
| १८. | श्री ओम कृष्ण श्रेष्ठ | सञ्चालक | कर्मचारी सञ्चय कोष | २०७५।०१।२६ | २०७५।०९।२५ |
| १९. | श्री विजय कुमार श्रेष्ठ | सञ्चालक | कर्मचारी सञ्चय कोष | २०७५।०९।२६ | २०७५।११।०७ |
| २०. | श्री सुभाष कर्माचार्य | सञ्चालक | नेपाल अरनिको हाइड्रोपावर कं. लि. | २०७५।१०।०१ | २०७६।०९।२९ |
| २१. | श्री ब्रजभूषण चौधरी | सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०७३।०७।१८ | २०७७।०७।०६ |
| २२. | श्री माधव सापकोटा | सञ्चालक | सिन्धुपाल्चोक हाइड्रोपावर कं. लि. | २०७६।१०।०२ | २०७७।१०।१५ |

लेखापरीक्षकमा भएको परिवर्तन : लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको । यस कम्पनीका हालसम्मका लेखा परिक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | लेखापरीक्षकको नाम, ठेगाना | लेखापरीक्षण गरेको आ.ब. |
|---|---|---|
| १. | सि.ए. श्री ध्रुब अधिकारी, श्री एम.जि.एस. एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स, अनामनगर, काठमाण्डौं । | आ.ब.२०७६।०७७ |
| २. | सि.ए. श्री ध्रुब अधिकारी, श्री एम.जि.एस. एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स, अनामनगर, काठमाण्डौं । | आ.ब.२०७५।०७६ |
| ३. | सि.ए. श्री ध्रुब अधिकारी, श्री एम.जि.एस. एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स, अनामनगर, काठमाण्डौं । | आ.ब.२०७४।०७५ |
| ४. | सि.ए.श्री जगन्नाथ उपाध्याय,श्री जे.एन. उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स, कोटेश्वर, काठमाण्डौं। | आ.ब.२०७३।०७४ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :** टोखा न.पा.४ धापासी, काठमाडौं जिल्ला निवासी बाणिज्य शास्त्रमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी जलविद्युत क्षेत्रको वित्तीय व्यवस्थापनमा करिव २२ वर्ष समेत गरी करीव २६ वर्षभन्दा बढिको कार्यानुभव भएका श्री भरत शमसेर भट्टराई यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत रहनु भएको छ ।

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्वन्धी विवरण :**

कम्पनीले आफ्नो जारी पुँजी रु.६,०००,०००,०००/- (अक्षरेपी छ अर्व मात्र) को अन्तिम चरणमा १५% अर्थात रु.९००,०००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ९,०००,००० कित्ता सर्वसाधारणका लागि तथा जारी पुँजीको १०% अर्थात रु.६००,०००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ६,०००,००० कित्ता शेयर स्थानिय बासिन्दाहरुका लागि निष्कासन गर्ने सम्वन्धमा कम्पनीको मिति २०७६।०९।२८ मा बसेको २०८ औं सञ्चालक समितिको बैठक तथा कम्पनीको छैटौं वार्षिक साधारण सभाबाट अनुमोदन समेत भई सकेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. ३, महाराजगंज, काठमाण्डौं ।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

३. सह–निष्कासन तथा बिक्री प्रबन्धकहरु क्रमशः प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाडौं, लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं, सिविआईएल क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाडौं, सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाडौं, एनआईविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं (सम्झौता हुँदा एस क्यापिटल लि. रहेको)।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूंजी रु. ६,००,००,००,०००।- (छ अर्ब) मध्ये १०% अर्थात रु.६०,००,००,०००।- (साठी करोड) रकम बराबरको रु. १००।- अंकित दरका ६०,००,००० (साठी लाख) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दालाई छुट्टाएकोमा सो मध्ये आयोजनाबाट प्रभावित भोटेकोशी गाउँपालिका वडा नं. १ (साविक लिस्ती गा.वि.स.) र वडा नं. ५ (साविक मार्मिङ गा.वि.स.) तथा बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.), ७ (साविक घुम्थाङ्ग गा.वि.स.) एवं ८ (साविक मानेश्वरा गा.वि.स.) मा स्थायी बसोबास गर्ने बासिन्दाहरुको लागि ३०% ले हुन आउने १८,००,००० (अठार लाख कित्ता) साधारण शेयर एवं आयोजनाबाट प्रभावित क्षेत्र बाहेक जिल्लाका अन्य क्षेत्रमा स्थायी बसोबास गर्ने बासिन्दाहरुको लागि ७०% ले हुन आउने ४२,००,००० (बयालीस लाख) कित्ता साधारण शेयर निष्काशन गरिएको छ ।
जारी पूंजीको १५% अर्थात रु.९०,००,००,०००।- (नब्बे करोड) रकम बराबरको रु.१००।- अंकित दरको ९०,००,००० (नब्बे लाख) कित्ता साधारण शेयरको ५% अर्थात ४,५०,००० (चार लाख पचास हजार) कित्ता साधारण शेयर सामुहिक लगानी कोष र ४% अर्थात ३,६०,००० (तीन लाख साठी हजार) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी ८१,९०,००० (एकासी लाख नब्बे हजार) कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको छ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण:**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायराभित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशित साधारण शेयरको आवेदन फाराम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा दरखास्त रकम बुझाउन सकिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यबस्था :** यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ नेपाल लि. कमलादी, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति डिसेम्बर ०३, २०२० (मिति २०७७/०८/१८) गते "[CARE-NP BB (Is) Double B Issuer]" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो ग्रेडिङ्ग को बैद्यता अवधि एक बर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । "CARE-NP BBB(IS) देखि CARE-NP BB (IS)] ले औसत आधारहरु जनाउँदछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउदछ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**
१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको हुँदा लाभांशको दर बढी रहेको ।
२) कम्पनी तथा आयोजना व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको कार्य समयमै सम्पन्न गर्न सफल हुने अपेक्षा गरिएको ।
३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्र मार्फत उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ । उक्त अबधिमा आयोजना प्रभाबित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा विक्री नभएमा उक्त विक्री नभएको शेयर समेत थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउनेगरी दाश्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा ३० दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधरण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ग.२३. (क) बैंकीङ्ग बित्तीय वा बीमा सम्बन्धी ब्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप-नियम ३ बमोजिम धितोपत्रको सार्वजनिक निष्कासन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनु पर्ने छ :**

| क.सं. | शर्तहरु | पालना भए/नभएको |
|---|---|---|
| क. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको । | पालना भएको । |

| | | |
|---|---|---|
| ख. | प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको । | यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०७६।०७।२९ गते सम्पन्न आठौं बार्षिक साधारण सभाबाट चार्टर्ड एकाउण्टेण्ट संस्था एम.जि.एस. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री ध्रुव अधिकारीलाई कम्पनी आ.ब. २०७६/७७ को लागि लेखापरिक्षक नियुक्त गरिएको थियो । |
| ग. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. ले मिति २०६७।०७।१३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७०।०८।१८ मा १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण कार्यको लागि श्री उर्जा मन्त्रालयबाट विद्युत उत्पादन अनुमति प्राप्त गरेको । |
| घ. | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | उक्त कार्यहरु सम्पन्न भई आयोजना निर्माण कार्य भई रहेको । |
| ङ. | उत्पादन प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको । | यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको । |
| च. | धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धमा निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता भैसकेको । | निष्कासन तथा विक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लि. तथा अन्य ६ वटा सह निष्कासन तथा विक्रि प्रबन्धक कम्पनीहरुसँग मिति २०७४।०१।२१ मा सम्झौता भएको । |
| छ. | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको । |
| ज. | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको । | संस्थापकहरुले आफुले लिन कबुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको । |
| झ. | परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको । | यस कम्पनीले निर्माण गर्दै आइरहेको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माणका लागि मध्य भोटेकोशी जलविद्युत कम्पनी लि., चिलिमे जलविद्युत कम्पनी लि. र कर्मचारी सञ्चयकोष बीच मिति २०६८ मंसिर २२ गते त्रिपक्षीय ऋण सम्झौता भई फाइनान्सियल क्लोजर भैसकेको । तथा उक्त ऋण सम्झौतामा संशोधन गरी थप दीर्घकालिन ऋणको लागि मिति २०७७।०४।१४ मा पूरक ऋण सम्झौतासमेत गरिसकिएको । |
| ञ. | जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेका । | यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८।०७।२८ मा विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधार निर्माणका लागि ठेकेदार छनौट गरी कार्यहरु सम्पादन गर्दै आएको । |
| ट. | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशनमा तोकिए बमोजिम प्रत्याभूति गराएको । | श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौंबाट मिति २०७६।०९।२९ गतेका दिन प्रत्याभुती सम्झौता सम्पन्न भएको । |

**(ख) यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री हरराज न्यौपाने<br>वडा नं. १८, भैंसेपाटी, ललितपुर ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | अध्यक्ष | |
| २. | श्री लेखनाथ कोइराला<br>का.म.न.पा. ३२, सिनामंगल, पेप्सीकोला, काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | सञ्चालक | |
| ३. | श्री ध्रुव भट्टराई<br>ब्यास नगरपालिका - ११, तनहुँ ।<br>(प्रतिनिधि:कर्मचारी सञ्चय कोष) | सञ्चालक | |
| ४. | श्री तुलसी राम ढकाल<br>टोखा न.पा. वडा नं. ५, काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | सञ्चालक | |
| ५. | श्री सुभाष कुमार मिश्र<br>बुढानिलकण्ठ न.पा. १०, काठमाण्डौं ।<br>(प्रतिनिधि : चिलिमे जलविद्युत कम्पनी लि.) | सञ्चालक | |
| ६. | श्री श्रीराम राज पाण्डे<br>का.म.न.पा. वडा नं. १७, धोबिचौर, क्षेत्रपाटी, काठमाण्डौं ।<br>(प्रतिनिधि : नेपाल विद्युत प्राधिकरण) | सञ्चालक | |
| ७. | श्री नरेश लाल श्रेष्ठ<br>का.म.न.पा. वडा नं. ३४, भिमसेनगोला, पुरानो बानेश्वर, काठमाण्डौं ।<br>(प्रतिनिधि : सिन्धु इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.) | सञ्चालक | |

**ग.२४ निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

31624

Regd No. 1067/064/065

**Global IME Capital Limited**

ग्लोबल आइएमई क्यापिटल लिमिटेड

GROW WITH US

चलानी नं.: GICL/IM/११७०/२०७७/७८, चलानी नं.२७२८ मिति : २०७८/०१/०९

**श्री नेपाल धितोपत्र बोर्ड,**
**खुमलटार, ललितपुर ।**

बिषय : **ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

प्रदेश नम्बर ३, बाग्मती अञ्चल, काठमाडौं जिल्ला, का.जि.का.म.न.पा वडा नं ३, महाराजगञ्ज, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडले अन्य समूह अन्तर्गत तपसील बमोजिम विवरण अनुसारको सार्वजनिक निष्कासन गर्न लागेको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरका १,५०,००,००० कित्ता साधारण शेयरहरु जारी गर्न निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं ।

| विवरण | कूल जारी पुंजीको प्रतिशत | छुट्याइएको शेयर सख्या | पुंजी रकम (रु) |
|---|---|---|---|
| सर्वसाधारण (कर्मचारीहरु समेत) | १५ प्रतिशत | ९,०००,००० | ९००,०००,०००.०० |
| उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु | १० प्रतिशत | ६,०००,००० | ६००,०००,०००.०० |
| **कूल जम्मा** | २५ प्रतिशत | १,५०,००,००० | १,५००,०००,०००.०० |

सर्वसाधारणलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्वन्धी ऐन, २०६३ र सम्वद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइने छ । प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्कासन तथा विक्री प्रवन्ध सम्वन्धमा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र सम्वन्धी ऐन, २०६३ अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण धितोपत्र निष्काशन तथा विक्री प्रवन्धकको रहेको छ । यस निष्कासन सम्बन्धमा कम्पनीले उपलब्ध गराएको विवरण बमोजिम देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐनं, २०६३ सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचीकरण विनियमावली, '२०७५ बमोजिम सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीको निष्कासन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ।

**धितोपत्र निष्कसन तथा बिक्री प्रबन्धक :**

ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट
नाम : पारस मणी ढकाल
पद : प्रमुख कार्यकारी अधिकृत
सही :
कार्यालयको छाप :


श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति र लगानी व्यवस्थापन), निक्षेप सदस्य तथा योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपात्र प्राप्त संस्था
P.O.Box No. 21599, 1st Floor, Laxman Babu Bhawan, Naxal, Kathmandu, Nepal
Ph.: 4445649, 4445650
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

**ग..२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**

REGD. NO. 929
PAN: 108569692

**G.R.K. & ASSOCIATES**

*CHARTERED ACCOUNTANTS*

मिति : २०७७/०९/१२

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगंज, काठमाण्डौ

विषय : प्रक्षेपित वित्तिय विवरणको पुनरावलोकनको प्रतिवेदन बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा हामीले त्यस जलविद्युत कम्पनीको आ. व. २०७७/०७८ देखि आ. व. २०८१/०८२ सम्मको प्रक्षेपित वित्तिय विवरण (Projected Financial Statements) को अनुमान तथा आधारहरु पुनरावलोकन गरेका छौं । वित्तिय विवरण प्रक्षेपणका लागि कम्पनीले निम्न लिखित आधारहरु लिएको देखिन्छ :

- आ. व. २०७६/०७७ सम्मको लेखापरिक्षण भैसकेका वित्तिय विवरणहरु
- नेपाल विद्युत प्राधिकरण सँग भएको विद्युत खरीद - बिक्री सम्झौता
- परियोजना समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान
- परियोजनाका लागि ऋण लिने सम्बन्धमा कर्मचारी संचय कोष, चिलिमे जलविद्युत कम्पनी तथा कम्पनी बिच भएको त्रिपक्षिय सम्झौता
- हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण
- राज्यको अनुमानित वित्तिय तथा मौद्रिक स्थिति

कम्पनीको वित्तिय विवरण प्रक्षेपणको लागि उपयोग गरिएका आधार तथा अनुमानहरु उपयुक्त र सान्दर्भिक देखिन्छन् ।

परियोजना निर्माण सम्पन्नमा विलम्ब लगायत अन्य विविध कारणले कम्पनीको व्यापारीक उत्पादन हुने सुरु हुने मिति ढिला हुन गएमा प्रक्षेपण गरिएका परियोजना लागत (निर्माण अवधिको पूजीकृत व्याज समेत), आम्दानी तथा खर्चका नतिजाहरुमा केहि फरक पर्न जाने तथ्य अवगत गराउन चाहन्छौं ।

प्रस्तुत प्रक्षेपित वित्तिय विवरण आर्थिक कारोबारहरु र सो को नतिजाहरुको अनुमान मात्र भएकाले उक्त विवरण माथिको हाम्रो यस मन्तव्यले विवरणमा उल्लेखित तथ्य र नतिजाहरुको निश्चिन्तता गर्न नसक्ने तथ्यको जानकारी गराउँदछौं । अन्त्यमा पुनरावलोकन कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

भवदीय,
जि. आर. के. एण्ड एसोसिएट्स

G. R. K. & ASSOCIATES Kathmandu, Nepal CHARTERED ACCOUNTANTS

सि.ए. गिरी राज कडेल
प्रोप्राइटर
UDIN: 210104CA01016zlodl

Kalanki, Kathmandu, Nepal – 44600
Mobile +977-9851154331 I Email: giriraj.grkassociates@gmail.com; kdgiriraj@gmail.com

अनुसूची ३

दफा १०.१ को लागि क्षतिपुर्ति रकम निर्धारण गर्ने सुत्र

NEA shall pay compensation to the Company pursuant to Article 10.1 subject to the conditions specified herein and in accordance with the following formula:

| |
|---|
| **Compensation Amount (Rs.) =Undelivered Energy × Purchase Price** |

Purchase Price is defined in Article 1.

'Undelivered Energy' shall be calculated differently for the case of Forced Outage and for Non-dispatch case as given hereunder:

Case I : *Forced Outage of NEA line(s) occurs which prevent the Project from generating & delivering according to the Available Capacity :*

$$UE = \sum_{i=1}^{n} (UC_i \times PT_i)$$

*to the extent that*

*(ME+UE) is equal to or less than 80% of the smaller of Contract Energy and the energy according to Availability Declaration for the Month;*

Where,

UC = Undelivered Capacity (kW) = Available Capacity – Capacity Delivered
= 0, if negative.

ME = Energy delivered by Company as recorded by the Meter

UE = Undelivered Energy (in the Month) in kWh;

n = Number of Forced Outage in the Month;

PT = Prorated Time in Hours;

$$= \left( \frac{\text{Available Capacity} - \text{Capacity Delivered}}{\text{Monthly Capacity as specified in Column E of Table II of Schrdule 2}} \right) \text{x Forced Outage Hours}$$

Case II : *NEA issues Dispatch Instructions to Project to generate less than the Available Capacity:*

$$UE = \sum_{i=1}^{n} (UC_i \times PT_i);$$

*Where,*

$$UC = (\text{Available Capacity} - \text{the greater of Capacity Dispatched and Capacity Delivered});$$

$$PT = \left( \frac{\text{Available Capacity} - \text{the greater of Capacity Dispatched and Capacity Delivered}}{\text{Monthly Capacity as specified in Column E of Table II of Schrdule 2}} \right) \text{x Nondispatched Hours}$$

Notwithstanding the provisions under both cases given above in this Schedule, Compensation Amount shall be considered equal to zero if and so long as the following conditions hold true:

— the cumulative of PT (Prorated Time) is equal to or less than 'N' hours in the Fiscal Year, where N= 72;

— the dispatched and delivered energy in the month is equal to or greater than 100% of the smaller of Contract Energy and the energy according to Availability Declaration for the Month. In such event, Forced Outage Hours and Nondispatched Hours shall be considered as zero.

Furthermore, the reduction in the delivery of power from the Project shall not be considered for calculation of Compensation Amount if and as long as such reduction is caused by Force Majeure Event or Scheduled Outage or by Company or by Company's contractors;

'Available Capacity' is defined in Article 1.

'Nondispatched Hours' shall mean the duration in hours for which the Project is required to generate power less than the Available Capacity pursuant to a Dispatch Instruction.